# बालमैत्री स्थानीय बजेट तर्जुमा र कार्यान्वयन सम्बन्धि तालिम सहजीकरण पुस्तिका



Save the Children

२०८०

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान
(सिजप)

# स्थानीय तहको बजेट तथा योजना तर्जुमा सम्बन्धी बालमैत्री तालिम सहजीकरण पुस्तिका




Save the Children

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)

२०८०

लेखन तथा सम्पादनः हरिवोल आचार्य

भाषाः मिना कुमारी गैरे

सम्पादन सल्लाहकारः राजेश शर्मा

आत्माराम थापा

दिल ऐर

प्रकाशन प्रतिः

डिजाइनः नेशनल प्रिन्टिङ्ग प्रेस बबरमहल, काठमाडौं

# यस पुस्तकको बारेमा

बालबालिका समाजका विशेष उमेर समूह र अभीन्न अंग हुन् । राज्यलाई समुन्नति र दीगो विकासको लक्ष्यमा अग्रसर गराउन बाल्यावस्थामा विशेष ध्यान पुर्याउन जरुरी हुन्छ । यसै सन्दर्भमा बालबालिकाको आधारभूत अधिकार *सुनिश्चित* गर्न संयुक्त राष्ट्रसंघको महासभाबाट बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ नोभेम्बर २० मा पारित भयो । जसलाई नेपालले १९९० सेप्टेम्बर १४ मा अनुमोदन गरी आफ्नो प्रतिबद्धता जनायो । नेपालमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले तत्कालिन व्यवस्था अनुसार स्थानीय योजना तर्जुमा प्रक्रियामा बालसहभिगतालाई कानुनी हिसाबले सम्बोधन गर्यो । विस २०७२ सालमा जारी भएको नेपालको संविधानले पनि पहिलोपटक बाल अधिकारलाई मौलिक हकको रूपमा अङ्गिकार गरेको छ भने बालबालिका सम्बन्धी ऐन, २०७५ ले बालबालिकाको आधारभूत अधिकार प्रत्याभूत गरेको छ । त्यस्तै बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ र बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ कार्यान्वयनमा रहेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बाल सहभागिता सुनिश्चित गर्नुका साथै योजना तर्जुमा प्रक्रियामा सहभागितात्मक प्रक्रिया अपनाउनुपर्ने व्यवस्था उल्लेख भएको छ । बाल भेला मार्फत योजना तर्जुमा प्रक्रियामा बाल सहभागिताको अभ्यास विगत एक दशकदेखि गरिदैं आएको भएतापनि हालको परिवर्तित सन्दर्भमा योजना तर्जुमाका क्रममा अर्थपूर्ण बाल सहभागिता चुनौतीपूर्ण बन्दै गएको देखिन्छ । तसर्थ स्थानीय तहको योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा अर्थपूर्ण बाल सहभागिता सुनिश्चित गर्न सघाउ पुर्याउने उद्देश्यले यो सहजीकरण पुस्तिका तयार गरिएको छ । यस पुस्तिकाले बजेट, स्थानीय तहको योजना तर्जुमा प्रक्रिया एवम् बाल सहभागिता,

बाल भेलाका अभ्यास तथा बालबालिकाको सवालहरुको सम्बोधनका उपायका बारेमा बालमैत्री ढंगबाट जानकारी दिनेछ। यस पुस्तिकाको मस्यौदामाथि सरोकारवालासँग चरणबद्व रुपमा छलफल गरी अन्तिम स्वरुप प्रदान गरिएको छ ।

यस पुस्तिकाको लेखन कार्यमा सहयोग गर्नु हुने बाल अधिकारकर्मी हरिवोल आचार्य तथा भाषा सम्पादनमा सहयोग गर्नुहुने मिना कुमारी गैरे, पुस्तिकाको तयारी तथा सम्पादनसम्मको समग्र प्रक्रियाको नेतृत्व गर्नुहुने सिजपका कार्यकारी निर्देशक आत्माराम थापा एवम् सेभ द चिल्ड्रेन नेपालका परियोजना व्यवस्थापक दिल ऐरप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै यस पुस्तकको प्रकाशनमा सहयोग गर्नुहुने सेभ द चिल्ड्रेनप्रति विशेष आभार तथा धन्यवाद व्यक्त गर्दछु । यो पुस्तिकाले स्थानीय तहमा बालबालिका केन्द्रित योजना, नीति तथा कार्यक्रम तर्जुमा र बजेट विनियोजनका लागि सकारात्मक योगदान पुग्ने अपेक्षा गर्दै यहाँको सुझावलाई सधै आत्मसाथ गर्दै अगाडी बढ्ने विश्वास दिलाउन चाहन्छौं ।

मीना शर्मा

अध्यक्ष

# सत्रहरूको बारेमा

यस पुस्तिका स्थानीय तहमा बालबालिका केन्द्रित बजेट निर्माण र कार्यान्वयनका लागि बाल क्लबका सदस्य तथा पदाधिकारी, बालमैत्री सहजकर्ता तथा सरोकारवाला र बाल क्लबका सहजकर्ताहरूका लागि तयार गरिएको छ । यस पुस्तिकामा सकेसम्म सरल र बुझिने किसिमको भाषाशैली प्रयोग गर्ने प्रयास गरिएको छ ।
यस पुस्तकमा ३ वटा खण्डहरू रहेका छन् ।

१) **शुरुवात**
यस खण्डमा तालिमको मुख्य विषयवस्तुमा प्रवेश गर्नुपूर्व सहभागीहरूलाई सहज वातावरण सिर्जना गर्नका लागि तयार गरिएको छ । यस खण्डमा सहभागीहरूले एक अर्कासँग परिचित हुने, तालिमको विधि, समय, उद्देश्य, आचारसंहिता, व्यवस्थापन लगायतका बारेमा जानकारी लिनेछन् ।

२) **विषय प्रवेश**
यस खण्डमा तालिमको मुख्य छलफल गर्नुपर्ने विषयवस्तुहरू समावेश गरिएको छ । यो खण्ड आफैंमा लामो र मुख्य विषयवस्तुमा केन्द्रित हुने हुँदा सहभागीहरूले छलफलका विषयमा विशेष ध्यान दिन जरुरी छ ।

३) **समापन**
यस खण्डमा तालिममा भएका सिकाइहरूको संक्षेपीकरण गरी तालीमको प्रभावकारिता बारे छलफल गरिनेछ । साथै सहभागीहरूको सुझाव र प्रतिक्रिया पनि यसै खण्डमा लिइने छ ।

**सत्रहरू**

यस पुस्तिकामा सत्रहरूलाई उद्देश्य, अपेक्षित उपलब्धि, समय, पूर्व तयारी, आवश्यक सामग्री, क्रियाकलाप र सन्दर्भ सामग्री गरी विभाजन गरिएको छ ।

तालिम सञ्चालनको विधिलाई क्रियाकलाप अन्तर्गत वर्णन गरिएको छ भने छलफलका क्रममा छुटाउन नहुने विषयवस्तुलाई सन्दर्भ सामग्री अन्तर्गत राखिएको छ ।

## पूर्व तयारी

### क. तालिम आयोजकः

१. तालिम सञ्चालन गर्ने स्थानमा बालश्रम नभएको सुनिश्चितता

२. समावेशी र सुरक्षित सहभागिताको सुनिश्चितता

३. विपद् जोखिम पूर्व तयारी सम्बन्धी सहभागीहरूलाई जानकारी गराइएको,

४. सहभागीहरूको आपतकालीन सम्पर्क जानकारी,

५. स्यानीटरी प्याड सहितको प्राथमिक उपचार बक्स ।

६. वातावरणमैत्री तथा विपद् जोखिम प्रतिरोधी संरचना भएको स्थान ।

७. बालसंरक्षण मापदण्ड तयार गरी कार्यान्वयन गरेको

### ख. सहजकर्ता

१. सन्दर्भ सामग्रीहरूको अध्ययन र संकलन

२. सत्र अनुसारका पूर्व तयारी

३. तालिम व्यवस्थापनलाई सहयोग र समन्वय

### सहजकर्तालाई विशेष नोटः

यो तालिम सहजीकरण पुस्तिका बालबालिका (८-१८ वर्षसम्म) का लागि केन्द्रित गरी तयार गरिएको छ । सहजकर्ताले सहभागीहरुको समूह, स्तर हेरेर सहजीकरण गर्नुपर्ने हुन्छ । सन्दर्भ सामग्रीहरुमा बालबालिकाका लागि उपयुक्त हुने गरी विषयहरु समेटिएका छन् । सहजकर्ताले यस पुस्तकमा सुझाइएका भन्दा फरक तथा सिर्जनशील विधिको पनि प्रयोग गर्न सक्नेछन् ।

### तालिम सहजीकरण पुस्तिकाको उद्देश्य

- स्थानीय तह (गाउँपालिका तथा नगरपालिका) को बजेट तथा योजना तर्जुमा गर्न टोल तथा बस्तीस्तर र वडा तहबाट प्राथमिकता निर्धारण गर्दै बालबालिकाका योजना तथा कार्यक्रमलाई व्यवस्थित र प्रक्रियागत बनाउन सहयोग गर्ने ।
- बालबालिकाका सरोकार, समस्या र सवालको पहिचान गर्न सहयोग पुर्‍याउने ।
- स्थानीय तहको सेवालाई बालमैत्री पद्धतिका साथ प्रस्तुत गर्न सहयोग गर्ने ।

# विषय सूची

यस पुस्तकको बारेमा ........ II
सत्रहरूको बारेमा ........ IV
विषयसूची........ VI
सत्र १: परिचय, अपेक्षा संकलन र विषयवस्तुहरू, आचारसंहिता ........ 2
सत्र २: बालबालिकामा लगानी किन? ........ 6
सत्र ३: योजना, बजेट के हो र कसरी बन्छ ? ........ 16
सत्र ४: स्थानीय योजना तर्जुमा प्रक्रिया र बाल सहभागिता ........ 26
सत्र ५: बाल भेला ........ 36
सत्र ६: बालबालिकाका मागलाई योजना तर्जुमा प्रकृयामा समावेश कसरी गर्ने ?........ 44
सत्र ७: कार्यान्वयन, अनुगमन, मूल्याङ्कन ........ 52
सत्र ८: हाम्रो बाल क्लब क्यालेन्डर ........ 60
सत्र ९: तालिमको पुनरावलोकन, मूल्याङ्कन र समापन ........ 64
सन्दर्भ सामग्री सूची ........ 66
पुस्तिका तयारीका क्रममा छलफल गरिएका व्यक्तिहरु ........ 67

# खण्ड क
# सुरुवात खण्ड

# सत्र १: परिचय, अपेक्षा संकलन र विषयवस्तुहरू, आचारसंहिता

**उद्देश्यः** सहभागीहरूमाझ परिचय गराई सहज र मैत्रीपूर्ण वातावरण बनाउनु र प्रशिक्षणमा सहभागीहरूको अपेक्षा र तय गरिएका विषयहरूका बारेमा स्पष्ट पार्नु यस सत्रको उद्देश्य हुनेछ ।

**अपेक्षित उपलब्धिः** सहभागीहरू एकआपसमा परिचित भई सक्रिय सहभागिताका लागि तयार हुनेछन् । सहभागीहरू प्रशिक्षणका उद्देश्य, विषयबस्तुको बारेमा स्पष्ट हुनेछन् ।

**समयः** ३० मिनेट
**पूर्वतयारीः** मुटु आकारमा काटिएको मेटाकार्ड
**आवश्यक सामग्रीः** मेटाकार्ड, मार्क, कलर, पेन
**विधिः** परिचय खेल, अन्तक्रियात्मक प्रस्तुती

## क्रियाकलापः

- सहजकर्ताले सबै सहभागीलाई स्वागत् गर्दै प्रशिक्षण कार्यक्रम सुरु गर्न लागेको जानकारी दिनुहोस् ।
- सहभागीहरू सबैले एक अर्कालाई चिन्दछौं त ? भनेर सहभागीलाई प्रश्न गर्ने र सबै सहभागीले एक अर्कालाई चिन्नका लागि एक नयाँ विधिबाट परिचय गर्ने जानकारी गराउनुहोस् ।
- सहभागीलाई गोलो भएर बस्न अनुरोध गर्नुहोस्।

- सहभागीलाई आफ्नो नामको पहिलो अक्षर अनुसार एउटा विशेषण सोच्न लगाउनुहोस्। जस्तैः (राम): राम्रो राम, सल्माः सरल सल्मा आदि ।
- आफ्नो पालो नआएसम्म आफ्नो विशेष नाम (विशेषण) गोप्य राख्नुहोस्।
- सहभागीहरू मध्ये एकलाई आफ्नो विशेष नाम भनी आफ्नो परिचय दिन लगाउनुहोस्। साथै सबै सहभागीलाई यो तालिममा सिक्न चाहेको एउटा कुरा बताउनका लागि भन्नुहोस् । उसको दायाँ पट्टिको साथीले अब उसको विशेष नाम भन्ने र आफ्नो विशेष नाम भनी आफ्नो परिचय दिनुहोस्। सहभागीलाई सकेसम्म अगाडिको सहभागीले भनेको भन्दा फरक विशेष नाम भन्न लगाउनुहोस्।
- यही प्रक्रिया अन्तिम सहभागीको परिचय दिउन्जेलसम्म जारी राख्नुहोस्।
- सहजकर्ताले यस तालिमको उद्देश्य र विषयबस्तुहरूबारे सङ्क्षिप्तमा बताउँदै समेट्न नसकिएका विषयहरूका बारेमा जानकारी दिनुहोस् ।
- अन्तमा धन्यबाद सहित सत्र समापन गर्नुहोस् ।

**सहजकर्तालाई सुझावः** यस खेलमा सबै सहभागीहरूलाई सक्रिय सहभागिताको लागि सहजकर्ताले प्रोत्साहित गर्नुपर्छ ।

## अध्ययन सामाग्रीः

<u>तालिमका उद्देश्य तथा विषयहरु</u>

**क) तालिमका उद्देश्यहरु**

क) बालबालिकालाई योजना, नीति तथा बजेटको बारेमा अवधारणागत स्पष्टता ल्याउनु ।

ख) स्थानीय तहको बजेट निर्माण प्रक्रिया, र बाल सहभागिता कसरी सुनिश्चितता गर्ने भन्ने सम्बन्धमा सचेत गराउनु ।

ग) बाल भेलाको विधि, प्रक्रिया र बाल भेलाको पश्चात बालबालिकाको योजना स्थानीय सरकारको कार्यक्रममा कसरी पार्ने र कार्यान्वयनमा कसरी सकरात्मक पहलकदमी लिने भन्ने जानकारी गराउनु ।

घ) बाल भेला पश्चात तथा योजना कार्यान्वन्यन गराउनका लागि कसरी सकारात्मक पहलकदमी गर्ने भन्ने जानकारी गराउनु ।

## ख) तालिमका विषयहरु

| क्र सं | सत्र | समय | विधि |
|---|---|---|---|
| १ | परिचय र अपेक्षा संकलन र विषयवस्तुहरु, आचारसंहिता | ४५ मिनेट | छलफल |
| २ | बालबालिकामा लगानी किन गर्ने | ४० मिनेट | शक्तिको हिँडाइ |
| ३ | योजना, बजेट के हो र कसरी बन्छ | १ घण्टा | स्टल भ्रमण |
| ४ | स्थानीय योजना तर्जुमा प्रक्रिया र बाल सहभागिता | १ घण्टा | जोडी भेट्टाउ |
| ५ | बाल भेला | २ घण्टा | समूह कार्या |
| ६ | बाल भेलाका मागलाई योजना तर्जुमा प्रक्रियामा कसरी समावेश गर्ने | १ घण्टा | भूमिका निर्वाह |
| ७ | कार्यान्वयन, मूल्याङ्कन र अनुगमन | ५० मिनेट | घटना अध्ययन र प्रस्तुतीकरण |
| ८ | हाम्रो बाल क्लब क्यालेन्डर | ४० मिनेट | समूह कार्य |
| ९ | तालिम पश्चातको परीक्षण, पुनरावलोकन, मूल्याङ्कन र समापन | २० मिनेट | प्रश्नोत्तर |

जम्मा समयः ८ घण्टा १५ मिनेट

# खण्ड ख
# विषयवस्तु
# खण्ड

# सत्र २: बालबालिकामा लगानी किन ?

**उद्देश्यः** खर्च र लगानीमा के भिन्नता छ ?, बालबालिकालाई लगानी किन गर्ने र बालबालिकालाई गरिने लगानीको उपलब्धिका बारेमा जानकारी गराउनु हुनेछ ।

**अपेक्षित उपलब्धिः** यस सत्रमा सहभागीहरूले खर्च र लगानीमा के भिन्नता छ?, बालबालिकालाई लगानी किन गर्ने र बालबालिकालाई गरिने लगानीको उपलब्धिका बारेमा सचेत हुनेछन् ।

**समयः** ४० मिनेट
**पूर्व तयारीः** शक्तिको हिँडाइ खेलका लागि भनाईहरु
**आवश्यक सामग्रीः** न्यूजप्रिन्ट, मार्कर
**विधिः** शक्तिको हिँडाइ

## क्रियाकलापः

- सहभागीहरुलाई हामी एउटा खेल खेल्न जाँदैछौ भनी जानकारी दिनुहोस् । अब सबै सहभागीहरुलाई चौर वा खुल्ला ठाउँमा लैजानुहोस् ।
- सबै सहभागीहरुलाई एउटा सिधा लाईनमा आफूतिर फर्केर बस्नका लागि भन्नुहोस् ।
- अब सबै सहभागीहरुलाई निम्न अनुसारको चिठ्ठा छान्नका लागि भन्नुहोस् । जसलाई जे पर्छ उ यस खेलका क्रममा त्यहि भूमिकामा रहने बताउनुहोस् । उदाहरणका लागि प्रधानाध्यापक लेखिएको परेमा यस खेलको अवधिभर सोही भूमिकामा रहने । आफूलाई परेको अरुलाई नबताउन भन्नुहोस् ।

**सम्भावित भूमिकाहरुः**

वडा अध्यक्ष, दलित समुदायको बालबालिका, महिला, बाल क्लबको अध्यक्ष, निरक्षर गरिब परिवारको बालिका, गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको मेयर, विद्यालयको

प्रधानाध्यापक, प्रहरी, आमा समूहको अध्यक्ष, समुदायको सामान्य सदस्य, प्रमुख प्रशासकीय अधिकृत ।

- अब सहभागीहरुलाई आफूले केही भनाइहरु पालै पालो भन्दै जान्छु यदि तपाईलाई अहिले परेको व्यक्ति तपाई भइदिएको भए उक्त काम गर्न सक्नुहुन्थ्यो कि सक्नुहुँदैन विचार गरेर सक्ने भए एक पाइला अगाडि बढ्न र नसक्ने भए एक पाइला पछाडि हट्नका लागि भन्नुहोस ।
- पालैपालो सबै भनाइहरु राख्दै जानुहोस् । सबै सहभागीहरुलाई भनाइ अनुसार अगाडि वा पछाडि जानका लागि भन्नुहोस् । सहभागीहरुले कहिलेकाँहि म सक्छु वा सक्दिन भन्ने आधारमा अगाडि पछाडि गरिरहेका हुन सक्छन् । सहजकर्ताले आफूलाई चिट्ठा परेको व्यक्ति आफू भए सकिन्थ्यो वा सकिदैनथ्यो सोही आधारमा अगाडि वा पछाडि सर्नका लागि भन्नुहोस् ।
- सबै भनाई राखिसकेपछि कोही अगाडि कोही पछाडि कोही बीचतिर पुगेका हुन्छन् । अब सहभागीहरुलाई सुरुमा हामी सबै एउटै ठाउँमा थियौं तर अहिले कोही एकदम अगाडि र कोही पछाडि भयौं, किन यस्तो भयो होला भनी प्रश्न गर्नुहोस् । सहभागीहरुको भनाइ सहजकर्ताले टिप्दै जानुहोस् ।
- अन्त्यमा सबै सहभागीहरुको विचार सुनिसकेपछि समुदायमा विभिन्न जाति, धर्म, वर्ग, समुदाय वा संस्कृतिको बालबालिकाहरु हुन्छन् उनीहरु सबैको सामर्थ्य पनि फरक फरक हुन्छ । सबैलाई उत्तिकै क्षमतावान बनाउन बालबालिकामा लगानी गर्नुपर्ने कुरा बताउनुहोस् ।
- सहजकर्ताले अध्ययन सामग्रीमा भए अनुसार छलफल गर्दै सत्रको अन्त्य गर्नुहोस् ।

## अध्ययन सामाग्रीः

### क) खेलका लागि भनाइहरु

| क स | भनाइहरु |
|---|---|
| १ | म विद्यालयमा आफ्नो निर्णय कार्यान्वयन गर्न सक्छु । |
| २ | म आफूलाई महत्वपूर्ण लागेको योजना हाल्न सक्छु । |
| ३ | म नगरपालिका वा गाउँपालिकामा सबैभन्दा उच्च पदस्थ व्यक्ति हुँ । |

| | |
|---|---|
| ४ | म स्थानीय तहले स्वीकृत गरेका योजनाहरु के के छन् भनेर जानकारी लिन सक्छु । |
| ५ | म बाल क्लबमा निर्णय लिन वा सुझाव दिन सक्छु । |
| ६ | म आफ्ना कुराहरु सञ्चार माध्यममा राख्न सक्छु । |
| ७ | मेरो आग्रहमा १०/१५ जना मान्छे जम्मा गर्न सक्छु । |
| ८ | म मेरा छोराछोरीहरुलाई राम्रो विद्यालयमा पढाउन सक्छु । |
| ९ | कुनैपनि हुने भैपरी आउने घटनामा आवश्यक खर्च जुटाउन सक्छु । |

**खर्च र लगानी**

| खर्चः | लगानीः |
|---|---|
| कुनै पनि कुरा प्रयोग गरेपछि सकिएर जान्छ भने त्यसलाई खर्च भनिन्छ । | हामीले गरेको परिश्रम (काम), लगायतको समय, स्रोत वा रकमले पछि फाइदा वा उपलब्धि दिन्छ भने त्यसलाई लगानी भनिन्छ । |
| खर्चको सामान्यतया प्रतिफल आउदैन वा आउने अपेक्षा गरिदैन । खर्चको प्रतिफल (उपलब्धि) मापन गर्न गार्हो हुन्छ । उदाहरणका लागि साथीभाइसँग कुनै पार्क घुम्न जाँदा तिरेको प्रवेश शुल्क । | कुनै पनि कुरा जुन अहिले हामीले गरेको योगदान (पहल)का आधारमा पछि प्रतिफल आउँछ भने त्यसलाई हामी लगानी भन्न सक्छौं । |
| खर्च पैसा मात्र नभइ समय, जनशक्ति, स्रोत जस्ता विषयको पनि हुन सक्छ । | उदाहरणका लागि बालबालिकाको खेलकुदको विकासमा गरिएको लगानी |

**ख) बालबालिकामा लगानी किन ?**

सन् १९८९ नोभेम्बर २० मा संयुक्त राष्ट्रसंघबाट पारित भई नेपालले सन् १९९० मा अनुमोदन गरेको बाल अधिकार सम्बन्धी महासन्धिले बालबालिका तथा किशोरकिशोरीका आधारभूत आवश्यकताहरूलाई आर्थिक, सामाजिक र मौलिक अधिकारको रूपमा अनुमोदन गरेको छ । राज्य तथा सरकारले यी अधिकारहरूलाई

"स्रोत र साधन उपलब्ध भएसम्म" (धारा ४) सुनिश्चित गर्नुपर्ने भनी स्थापित गरेको छ ।

बालबालिकामा लगानी गर्नु भनेको मानव पूँजीमा लगानी गर्नु हो । गर्भाधानदेखि दुई वर्षसम्मको समयावधि, अर्थात बालबालिकाको सुनौंला हजार (शुरुका १०००) दिनहरूमा दिइने उचित हेरचाह र पोषणले उनीहरूको हुर्कने, सिक्ने र गरिबीबाट उम्किन सक्ने क्षमतामा ठूलो प्रभाव पार्दछ । परिवार, समुदाय र देशहरूकै गरिबीको कु-चक्र भंङ्ग गर्न यसले सहयोग गर्छ । समाजको दीर्घकालीन विकास, स्थिरता र समृद्धिमा पनि सकारात्मक सहयोग पुर्याउँछ ।

छोटो समयमा नै घटेको बाल मृत्युदर र बढेको औसत आयुको फलस्वरूप विगतका केही दशकहरूमा नेपालले तीव्र जनसांख्यिक परिवर्तनको अनुभव गरिरहेको छ । यसरी नै जनसांख्यिकीय परिवर्तन हुने हो भने अबको करिब तीस वर्षपछि जेष्ठ नागरिकको जनसंख्या बाहुल्य हुने देखिन्छ । नेपाल हाल एक सिमित समयावधि भएको "जनसंख्यिक अवसर" को समयमा छ भन्नाले हाल देशमा युवा जनसंख्याको उल्लेख्य बाहुल्यता रहेको देखिन्छ । यो सयममा व्यवस्थित योजना बनाएर काम गर्ने हो भने हामीले उल्लेख्य लाभ लिन सक्छौं । युवा जनसंख्या सीपमूलक र दक्ष हुनका लागि उनीहरूमा लगानी जरुरी छ । ती युवाहरू त्यो अवस्थामा पुग्न बालबालिकामा लगानी हुन आवश्यक छ । अहिले भएको युवाहरूको जनसंख्या पछिसम्म यही अवस्थामा रहन्न । अर्थात अहिले भएको युवाको संख्या विस्तारै घट्छ।तसर्थ नेपालले अत्याधिक जनसांख्यिकीय लाभ लिनका लागि आजका बालबालिकामा लगानी गर्नु जरुरी छ । वयस्क हुने समयमा उनीहरूले वृद्धहरूको सेवा गर्दै समाजको पनि विकास गर्न सक्षम बनाउन त्यस समयसम्ममा उनीहरूको उत्पादकत्व बढाउनका लागि वर्तमान समयमा नै लगानी गर्न जरुरी छ ।

बालिकालाई ६ वर्ष वा त्यसभन्दा बढि शिक्षा दिनाले उनीहरु वयस्क भएपछि उनीहरूको गर्भावस्थाको स्याहार, प्रसुति अवस्थाको स्याहार र जन्म पश्चात शिशु जीवित रहने दरमा उल्लेखनीय र दिगो सुधार ल्याउँछ । आमाहरूलाई शिक्षा दिनाले पाँच वर्ष मुनिका बालबालिकाको मृत्युदर धेरै नै घट्न जान्छ ।

**बालबालिकामा लगानी गर्नुपर्ने कारणहरु**

**शिक्षाः** बालबालिकामा लगानी गर्नु भनेको उनीहरूलाई राम्रो शिक्षा प्राप्त गर्ने अवसर दिनु हो। जब बालबालिकाहरू शिक्षित हुन्छन्, उनीहरूले ज्ञान र सीपहरू प्राप्त गर्छन् जसले हामीहरूलाई जीवनमा सफल हुन मद्दत गर्दछ। बास्तवमा हामीमा उचित लगानी गर्ने हो भने हामी हाम्रो भविष्यको सपना (डाक्टर, इन्जिनियर, शिक्षक, वा जे बन्ने सपना) निर्धक्कले देख्न सक्छौ ।

**स्वास्थ्य र पोषणः** बालबालिकाको स्वास्थ्य र पोषणमा लगानीले उनीहरु बलियो र स्वस्थ हुन र हुर्कन सुनिश्चित गर्दछ। जब बालबालिकाको पौष्टिक खाना, सफा पानी र उचित स्वास्थ्य सेवामा पहुँच हुन्छ, उनीहरू स्वस्थ, शारीरिक र मानसिक रुपमा बलियो हुन सक्छन् । जसले खेल्न र सिक्ने ऊर्जा पनि पाउन सक्छन्।

**सुरक्षा र संरक्षणः** बालबालिकाले सहज, अनुकूल र सुरक्षित महसुस गर्न आवश्यक छ। बालबालिकामा लगानी गरेर सुरक्षित वातावरण सिर्जना गर्न सकिन्छ । जहाँ उनीहरू डरविना हुर्कन सक्छन्। खासगरी बालबालिकालाई हिंसा, दुर्व्यवहार, अपहेलना, वेवास्ता, विभेद र शोषणबाट जोगाउनुपर्छ ।

**खेल र रचनात्मकताका लागि अवसरहरूः** बालबालिकामा लगानी गर्नु भनेको उनीहरूलाई खेल्ने, रचनात्मक हुन र रमाइलो गर्ने अवसरहरू प्रदान गर्नु हो । खेलले हामीहरूलाई सिक्न, कल्पनाशक्ति विकास गर्न र सामाजिकीकरणमा मद्दत गर्छ। यो उनीहरूको खुशी र समग्र विकासको लागि महत्त्वपूर्ण छ।

**राम्रो भविष्यको निर्माणः** जब हामी बालबालिकामा लगानी गर्छौं, हामी नेपालको भविष्यमा लगानी गर्दैछौं। बालबालिकाहरू हाम्रो देशका भविष्यका नेता, आविष्कारक र समस्या समाधानकर्ता हुन्। उनीहरूलाई संरक्षण र पालनपोषण गरेर, हामी सबैका लागि राम्रो नेपाल निर्माण गर्दैछौं।

**गरिबीको अन्त्यः** बालबालिकामा गरिएको लगानीले गरिबीको चक्र तोड्न मद्दत गर्छ । जब बालबालिकाहरूले राम्रो शिक्षा प्राप्त गर्छन्, उनीहरूसँग राम्रो जागिर खोज्ने र

भविष्यमा राम्रो आम्दानी गर्ने अवसरहरू हुन्छन्। यसले उनीहरूको आफ्नै जीवनका साथै उनीहरूको परिवार र समुदायको जीवनमा सुधार गर्न सक्छ।

**केही तर्कहरू**




**क) अधिकारको तर्कः**

२०७२ सालमा जारी भएको नेपालको संविधानले पहिलो पटक बाल अधिकारलाई मौलिक हक अन्तर्गत राखेको छ । नेपालले बाल अधिकार सम्बन्धी महासन्धि (१९८९)लाई सन् १९९० मा अनुमोदन गरी बालबालिकाको आधारभूत अधिकार सुनिश्चित गर्ने प्रतिबद्धता गरिसकेको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ ले बाल अधिकारका आधारभूत सिद्धान्तहरू सर्वोत्तम हित, विना भेदभाव, आवाजको सुनुवाई, विचार र भावनाको कदरमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताका विषयवस्तुहरूलाई समेटेको छ । बाल न्याय, हिंसा र दुर्व्यवहारबाट संरक्षण, बाल समूह बालक्लब खोल्न सक्ने, असहाय, अपाङ्गता, अल्पसंख्यक, सिमान्तकृत र पीडित बालबालिकाको विभिन्न अधिकारको सुनिश्चितता गरेको छ । पन्ध्रौं योजनाले पनि बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाजको परिकल्पना गरेको छ । यस योजना अवधिमा बालबालिका तथा किशोरकिशोरी माथि हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरूको हकअधिकार संरक्षण तथा संवर्द्धन गरी राष्ट्र निर्माणमा योगदान पुर्याउन सक्ने नागरिक तयार गर्ने लक्ष्य लिएको छ । जसका लागि पोषणयुक्त खानामा सुधार, प्रजनन् स्वास्थ्य र शिक्षा, मानसिक स्वास्थ्य र शिक्षा, खेलकुद, सबै प्रकारका हिंसाविरुद्ध शुन्य सहनशीलता अपनाउने, बालविवाह र बाल श्रम न्यूनीकरण गर्ने, सामाजिक जीवनमा बाल सहभागिता बढाउने जस्ता विषयवस्तु समेटिएका छन् । हरेक संरचना निर्माण गर्दा बालबालिका, महिला, अपाङ्गता भएका, सिमान्तकृत वर्ग क्षेत्रलाई ध्यानमा राखी बनाउने नीति लिएको छ । साथै बालमैत्री भौतिक, सामाजिक र संस्थागत संरचना निर्माण गर्ने नीति लिएको छ ।

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रावधानहरूः**

**अ) अन्तर्राष्ट्रिय प्रावधानहरू**

१. मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा—पत्र, १९४८
२. बाल अधिकार सम्बन्धी महासन्धि, १९८९
३. दीगोविकास लक्ष्य, सन् २०१६—२०३०
४. जेनेभा महासन्धिहरू
५. दक्षिण एसिया बालकल्याण प्रर्वद्धनका लागि क्षेत्रीय व्यवस्थासम्बन्धी सार्क महासन्धि, २००२
६. सुरक्षा परिषद्को १६१२ घोषणा

७. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा—पत्र, १९६६

**आ) राष्ट्रिय प्रावधानहरू**

१. नेपालको संविधान
२. मुलुकी अपराध (संहिता) ऐन, २०७४
३. मुलुकी देवानी (संहिता) ऐन, २०७४
४. बालबालिका सम्बन्धी ऐन, २०७५, र नियमावली २०७८
५. स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
६. बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६
७. बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८
८. बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२
९. बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९
१०. पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका २०७९

**ख) सामाजिक तथा सांस्कृतिक र राजनीतिक तर्कः**

बालबालिका हाम्रो समाजका अभीन्न अङ्ग हुन् । समाजलाई समुचित विकास गरी समुन्नत समाज निर्माण गर्न बालबालिकालाई पर्याप्त लगानी गर्नु जरुरत हुन्छ । आजका बालबालिका भोलिका आफ्नो क्षेत्रका नेतृत्व पनि हुन् ।

**ग) आर्थिक तर्कः**

बालबालिका भविष्यका मानवीय पूँजी हुन् । अहिले उनीहरूलाई गरिएको यथोचित र पर्याप्त लगानीले निकट भविष्यमा राज्य, समाज र परिवारले दक्ष जनशक्ति पाउँछन् । जसबाट समग्र आर्थिक परिसूचकमा सकारात्मक सुधार आउँछ ।

**घ) भौतिक तथा मनोसामाजिक तर्कः**

१८ वर्षको उमेरसम्म मष्तिष्कको एक भाग विकास भइसकेको हुँदैन । योजना बनाउने, मूल्याङ्कन गर्ने, समस्या समाधान गर्ने, निर्णय लिने र संवेगलाई नियन्त्रण

गर्ने मस्तिष्कको यो भागको विकास हुने बेलामा बालबालिकामा विशेष लगानी आवश्यक छ । खेलकुद, अतिरिक्त क्रियाकलाप, अध्ययन र सङ्गीतमा सहभागी हुनाले बालबालिकाको मस्तिष्कमा सकारात्मक प्रभाव पार्दछ । हिंसा, यातना, वेवास्ता, लागुपदार्थ र मदिराको लतमा परेकाहरूको मस्तिष्कमा नकारात्मक प्रभाव परेको हुन्छ ।

# सत्र ३: योजना, बजेट के हो र कसरी बन्छ ?

**उद्देश्यः** सहभागीहरूलाई बजेट के हो, नीति तथा कार्यक्रम र योजनाका बारेमा जानकारी गराउनु यस सत्रको उद्देश्य रहेको छ ।

**अपेक्षित उपलब्धिः** यस सत्रको अन्त्यसम्ममा सहभागीहरू बजेट के हो, नीति तथा कार्यक्रम र योजनाका बारेमा प्रष्ट हुनेछन् ।

**समयः** १ घण्टा
**पूर्वतयारीः** स्टल खेलका लागि लेखिएको हातेपत्र,
**आवश्यक सामग्रीः** चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड
**विधिः** छलफल, प्रश्नोउत्तर, प्रस्तुतीकरण ।

## क्रियाकलापः

- सहभागीहरुलाई सहजकर्ताले यस सत्रबाट हामी मूख्य विषयवस्तुका बारेमा छलफल गर्छौं भनी जानकारी दिनुहोस् । यस सत्रमा हामी योजना के हो, नीति तथा कार्यक्रम के हो, बजेट के हो, कसरी बन्छ, कहाँ कहाँ बन्छ, कसले बनाउँछ लगायतका सामान्य शब्दावलीका बारेमा छलफल गर्छौं भनी जानकारी दिँदै छलफल गर्नुहोस् ।
- सहभागीहरू अब हामी छलफल सुरु गराउनका लागि आफूलाई ६ जना आवश्यक रहेको जानकारी गराउनुहोस् । ६ जना स्वतःस्फूर्त रुपमा अगाडि आउनका लागि अनुरोध गर्नुहोस् । उनीहरुलाई मेटाकार्डमा निम्न विषयहरु लेखी आफ्नो शरीरको अगाडिपट्टि टाँस्नका लागि भन्नुहोस् । सो सम्बन्धी विषयहरु अध्ययनका लागि ५ मिनेटको समय दिनुहोस् । केही नबुझेको भए सहजकर्ताले सो विषयमा बुझाइ दिनुहोस् ।

विषयहरु

म बजेट हुँ

म योजना हुँ
म नीति तथा कार्यक्रम हुँ
म संघीय सरकार हुँ
म प्रदेश सरकार हुँ
म स्थानीय सरकार हुँ

- ती पाँच जना सहभागीहरूलाई अब करिव २/२ मिटरको दुरीमा बस्नका लागि भन्नुहोस् । तपाईहरू एउटा–एउटा स्टल भएको कुरा बताउनुहोस् ।
- अब बाँकी सहभागीहरुलाई पाँच समूहमा विभाजन गर्नका लागि भन्नुहोस् । उनीहरुलाई ३/३ मिनेटमा सबै समूहमा भ्रमण गर्नका लागि अनुरोध गर्नुहोस् ।
- अब सहभागीहरूलाई आफूलाई परेको विषयवस्तु अन्य सहभागीहरूलाई बुझाउनुपर्ने कुरा बताउनुहोस् । यसका लागि प्रत्येक स्टललाई ३ मिनेटको समय रहेको बताउनुहोस् ।
- सबैले सबै स्टल घुमिसकेपछि खेलको अन्त्य गर्नुहोस् ।
- सबै सहभागीले सबै स्टल घुमिसकेपछि सहजकर्तालाई सबैभन्दा धेरै स्टलको बारेमा कसले भन्न सक्छ भनी प्रश्न गर्नुहोस् । सहभागीहरुलाई पालै पालो बोल्ने अवसर दिनुहोस् ।
- सहभागीहरुलाई असहज र अप्ठ्यारो लागेका शब्दावलीहरुलाई पालैपालो उदाहरण र चित्र सहित वुझाउनुहोस् ।
- योजना, नीति तथा कार्यक्रम र बजेट एक अर्कासँग अन्तरसम्बन्धित विषयवस्तु हुन् । हामीले बालबालिकाका समस्या समाधान गर्न र बालबालिकाको अधिकारको बारेमा कुरा उठाउन यी विषयमा जान्नु जरुरत भएको बताउँदै यो सत्रको अन्त्य गर्नुहोस् ।

## अध्ययन सामाग्रीः

### क) म योजना हुँ

योजना भनेको कुनै पनि काम कसरी गर्ने, कहिले गर्ने, कति समय लाग्छ, कहाँ गर्ने, कसले गर्ने जस्ता विषयहरु समेटर बनाइएको कार्यतालिका नै योजना हो ।

कुनै पनि लक्ष्य प्राप्त गर्न व्यवस्थित ढंगले अगाडि बढ्ने र त्यसलाई कार्यान्वयन गरी सोचेजस्तो नतिजा हासिल गर्न सुरुमै तयार पारिने कार्यतालिका नै योजना हो । कुनै पनि योजना बनाउँदा कुन काम गर्ने, किन गर्ने, कुन-कुन काम कहिले—कहिले गर्ने, कसले गर्ने वा कुन तहमा कसको जिम्मेवारी हुन्छ, कहाँ गर्ने, कुन कार्य गर्नका लागि के-कस्ता सूचनाको आवश्यकता पर्दछ र कस्ता साधन चाहिन्छन्, ती साधन कहाँबाट जुटाउने, कार्य गर्दा के-कस्ता समस्या आइपर्छन् र ती समस्याको सामना कसरी गर्ने जस्ता कुराको जवाफ खोज्नु पर्छ ।

**कसले-कसले योजना बनाउँछ ?**

हामीले योजना घरपरिवार, बाल क्लब, समूदाय, विद्यालय, वा आवश्यकताका आधारमा व्यक्तिगत कामका लागि पनि बनाउन सक्छौ । नेपालमा नेपाल सरकारको आवधिक योजना पाँच-पाँच वर्षमा राष्ट्रिय योजना आयोगले बनाउँछ । त्यस्तै प्रदेश सरकारले पनि निश्चित अवधिको (आवधिक) योजना बनाउँछन् । त्यस्तै संघीय सरकार, प्रदेश सरकार र स्थानीय तह (नगरपालिका वा गाउँपालिका) ले वार्षिक तथा आवधिक योजना बनाउन सक्छन् ।

**योजनाको फाइदा के छ ?**

- योजनाले कुनै पनि काम व्यवस्थित बनाउन सघाउ पुर्याउँछ ।
- काम गर्दा हुनसक्ने जोखिमको बारेमा पहिले नै थाह हुन्छ ।
- काम राम्रो गर्न चाहिने कुराहरु पहिलेनै थाह हुन्छ ।
- वास्तविक आवश्यकताको पहिचान भइ सोही आधारमा काम गर्न सकिन्छ ।

**बाल क्लब र सञ्जालको योजना**

हामीले हाम्रो बाल क्लबको पनि योजना बनाउन सक्छौ । बाल क्लबमा कहिले के गर्ने कसले गर्ने अनि कसरी गर्ने जस्ता विषयहरु राखेर योजना बनाउन सकिन्छ । योजना बनाउँदा सबैको विचार र भावनालाई समेट्नुपर्छ ।

**ख) म बजेट हुँ**

कुनै निश्चित समयमा अनुमान गरिएको आम्दानी र खर्चको विवरण अनि तय गरिएका कार्यक्रमहरुको विवरण नै बजेट हो । सरकारको बजेट भनेको कुनै खास आर्थिक वर्षको लागि सरकारको आम्दानी र खर्चको विवरण सहित घोषणा गरिने कार्यक्रमको विवरण हो ।

नेपालमा तीनै तहका (संघीय, प्रादेशिक, स्थानीय) सरकारले वार्षिक रुपमा नीति तथा कार्यक्रममा आधारित भइ बजेट बनाउँछन् । बजेटले सरकारको राजनीतिक, आर्थिक, सामाजिक प्राथमिकता के हो भन्ने पनि बताउँछ ।

वास्तवमा बजेट विगतको आर्थिक अवस्थाको अभिलेखन, चालु आर्थिक वर्षको आर्थिक स्थितिको चित्रण र आगामी आर्थिक वर्षको आर्थिक योजनाको प्रक्षेपण हो । त्यसैले बजेटलाई कुनै पनि देशको सार्वजनिक आय र व्ययको ऐनाको रुपमा लिइन्छ । बजेट सरकारले आफ्ना आर्थिक, सामाजिक र विकास सम्बन्धी नीतिहरु घोषणा र कार्यान्वयन गर्ने एउटा प्रमुख संयन्त्र पनि हो ।

बजेट कार्यान्वयनको हिसाबले चालु बजेट र पुजिगत गरी दुई भागमा विभाजन गरी बुझ्न सकिन्छ ।

| चालु बजेट | पुँजिगत बजेट |
| --- | --- |
| सरकारले नियमित कामकाज सञ्चालनका लागि वार्षिक रुपमा छुट्याउने बजेट नै चालु बजेट हो । | यो बजेट सरकारले हाम्रो आवश्यकता र विकासका सवाललाई समेटेर बनाउने गर्छ । यो बजेट नै हाम्रो विकासका लागि खर्च हुने बजेट हो । |
| यो बजेट कहाँ कसरी खर्च हुन्छ, वार्षिक कतिजति लाग्छ भन्ने लगभग पहिले नै थाहा हुन्छ । | हामीले बाल भेलाबाट माग गर्ने वजेट यहि बजेटबाट नै छुट्याइन्छ । |

<u>बजेट कसरी बन्छ नि ?</u>

१. <u>संघीय सरकार</u>

क) **संघीय सरकारको बजेट बनाउने प्रक्रियाः**

बजेट तर्जुमा सम्बन्धी कार्यको जिम्मेवारी सरकार तथा कार्यपालिका (मन्त्रीपरिषद्)को हुन्छ । नेपालको सन्दर्भमा अर्थ मन्त्रालयलाई यस्तो जिम्मेवारी दिइएको छ । अर्थ मन्त्रालयले राष्ट्रिय योजना आयोगसँगको समन्वयमा बजेट कस्तो र कति आकारको बनाउने प्रस्ताव तयार गर्दछ । उक्त प्रस्ताव राष्ट्रिय योजना आयोग र मन्त्रिपरिषद्बाट स्वीकृति लिई व्यवस्थापिका संसद्को बैठकमा अर्थमन्त्रीले पेस गर्दछन् ।

**ख) बजेट स्वीकृति**

सरकारका अर्थमन्त्रीले बनाएको बजेट स्वीकृतिका लागि संसदमा पेस गर्दछ र संसदमा व्यापक छलफल गरिन्छ । सदनमा बजेटका सकारात्मक तथा नकारात्मक पक्षहरुको बारेमा छलफल भई आवश्यक परेमा परिमार्जन सहित बजेट स्वीकृत गरिन्छ । संसद्मा आवश्यक छलफल पश्चात् पारित भएपछि स्वीकृतिको लागि राष्ट्रपति समक्ष पेस गरिन्छ । राष्ट्रपतिबाट पारित बजेट स्वीकृति गरेपछि बजेट स्वीकृति भएको मानिन्छ । सो बजेटलाई सरकारले प्रकाशित पनि गर्छ । जसलाई रातो रंङ (कलर)को किताबमा प्रकाशित गरिने भएकाले रातो किताब पनि भनिन्छ ।

**ग) बजेट कार्यान्वयन**

बजेट निर्माणपछि कार्यान्वयन गरिन्छ, बजेट कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी सरकारको हुन्छ। सरकारले प्रचलित कानुनको अधिनमा रही आफ्ना मातहतका विभिन्न कार्यालयमार्फत बजेट कार्यान्वयन गर्दछ। यस चरणमा बजेटको योजना तथा नीति अनुसार बजेट कार्यान्वयनको लागि चाहिने आर्थिक सङ्कलन तथा वितरण गर्ने, हिसाब राख्ने, त्यसको प्रतिवेदन गर्ने र अनुगमन गर्ने कार्य

गरिन्छ । बजेटको कार्यान्वयनमा सरकारका मन्त्रालय, विभाग, कार्यालयहरू संलग्न हुन्छन् । आर्थिक वर्षको पहिलो दिनदेखी नै बजेट कार्यान्वयनको चरण सुरु हुन्छ । नेपालमा श्रावण १ गतेदेखी नयाँ आर्थिक वर्ष सुरु हुन्छ ।

**२. प्रदेश सरकार**

क) **प्रदेश सरकारको बजेट बनाउने प्रक्रियाः** प्रदेशमा पनि बजेट तर्जुमा सम्बन्धी कार्यको जिम्मेवारी प्रदेश सरकारको हुन्छ। प्रदेशको अर्थ मन्त्रालयलाई यस्तो जिम्मेवारी दिइएको छ। अर्थ मन्त्रालयले प्रदेश नीति तथा योजना आयोगसँगको समन्वयमा बजेट प्रस्ताव तयार गर्दछ। उक्त प्रस्ताव प्रदेश योजना आयोग र मन्त्रिपरिषद्बाट स्वीकृति लिई प्रदेश सभाको बैठकमा अर्थमन्त्रीले पेस गर्दछन् ।

**ख) बजेट स्वीकृति**

सरकारका मन्त्रीले बनाएको बजेट स्वीकृतिका लागि प्रदेश सभामा पेस गर्दछ । संघीय संसदमा जस्तै प्रदेश सभामा पनि धेरै छलफलपछि आवश्यक परेमा परिमार्जन सहित बजेट परित गरिन्छ। प्रदेश सभाबाट स्वीकृति गरेपछि बजेट स्वीकृति भएको मानिन्छ। सो बजेटलाई प्रदेश सरकारले प्रकाशित पनि गर्छ ।

**ग) बजेट कार्यान्वयन**

बजेट निर्माणपछि कार्यान्वयन गरिन्छ, बजेट कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी प्रदेश सरकारको हुन्छ । सरकारले प्रचलित कानुनको अधिनमा रही आफ्ना मातहतका विभिन्न कार्यालयमार्फत बजेट कार्यान्वयन गर्दछ। यस चरणमा बजेटको योजना तथा नीति अनुसार बजेट कार्यान्वयनको लागि चाहिने आर्थिक सङ्कलन तथा वितरण गर्ने, हिसाब राख्ने, त्यसको प्रतिवेदन गर्ने र अनुगमन गर्ने कार्य गरिन्छ । बजेटको कार्यान्वयनमा सरकारका मन्त्रालय, र कार्यालयहरू संलग्न हुन्छन् । प्रदेश सरकारको पनि आर्थिक वर्षको पहिलो दिनदेखी नै बजेट कार्यान्वयनको चरण सुरु हुन्छ । नेपालमा श्रावण १ गतेदेखी नयाँ आर्थिक वर्ष सुरु हुन्छ ।

## ३. स्थानीय सरकार


**क) स्थानीय तहले बजेट बनाउने प्रक्रिया**

केन्द्र र प्रदेश जस्तै स्थानीय तह पनि एउटा सरकार नै हो। त्यसैले हामी स्थानीय तहलाई स्थानीय सरकार पनि भन्छौ । स्थानीय सरकारले विभिन्न सात चरणमा पुरा गर्दै बजेट बनाउँछन् । स्थानीय स्रोतका साथै प्रदेश सरकार र संघीय सरकारको थप बजेट (अनुदान तथा सहयोग)लाई समेत विचार गरेर स्थानीय सरकारले बजेट बनाउँछन् । केन्द्र र प्रदेशमा मन्त्रिपरिषद भने जस्तै स्थानीय तहमा कार्यपालिका हुन्छ । कार्यपालिकाले छलफल पछि पारित गर्दै बजेट अनुमोदनका लागि सभामा पेश गर्छ । केन्द्रमा संसद भने जस्तै स्थानीय तहमा सभा हुन्छ । सभामा आवश्यक छलफल पछि बजेट पास हुन्छ र श्रावण १ गतेदेखि नै कार्यान्वयन हुन्छ । स्थानीय तहको बजेट बन्ने प्रक्रिया हामी अर्को सत्रमा पनि थप छलफल गर्छौं ।

**ख) स्थानीय तहमा कस्ता कस्ता बजेटहरु आउँछन र कहाँ कहाँबाट आउछन् त ?**

स्थानीय सरकारले आफ्नो अधिकारक्षेत्रमा रहेको क्षेत्रबाट कर तथा राजस्वबाट प्राप्त हुने आन्तरिक आम्दानीलाई समेत विचार बजेट बानाउँछ । यसका अतिरिक्त निम्न शीर्षकमा बजेट प्राप्त हुन्छन् ।

**स्थानीय तहले विभिन्न स्रोतबाट निम्न बमोजिमको अनुदान प्राप्त गर्दछन् ।**




१) **वित्तीय समानीकरण अनुदान**

नेपाल सरकारले स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान दिने गर्दछ। यसै गरी प्रदेशले पनि नेपाल सरकारबाट प्राप्त अनुदान र उठेको राजस्व (विभिन्न शिर्षकमा प्रदेशमा राजस्व जम्मा हुन्छ) लाई प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्व उठाउने क्षमता आदिका आधारमा वित्तीय समानीकरण अनुदान दिने गर्दछ।

### २) सशर्त अनुदान

नेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई कुनै योजना कार्यान्वयन गर्नका लागि आवश्यक सर्त तोकी अनुदान दिने गर्दछ। यस्तै गरी प्रदेशले पनि प्रदेश कानुन बमोजिम आफ्ना क्षेत्रभित्रका स्थानीय तहलाई सशर्त अनुदान दिने गर्दछ।

### ३) समपूरक अनुदान

नेपाल सरकारले स्थानीय तहलाई पूर्वाधार विकाससम्बन्धी कुनै योजनामा काम गर्न देहायका भनेर छुट्टै समपूरक अनुदान पनि दिने गर्दछ। यस्तो अनुदान प्रदेशले पनि आफ्नो प्रदेशको कानुन बमोजिम स्थानीय तहलाई दिन्छ । यो अनुदान योजनाको सम्भाव्यता, योजनाको कार्यान्वयन गर्दा लाग्ने खर्च, योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ, योजना कार्यान्वयन गर्न सक्ने क्षमता, योजनाको आवश्यकता र प्राथमिकताका आधारमा दिने गरिन्छ ।

### ४) विशेष अनुदान

नेपाल सरकारले स्थानीय तहमा कुनै विशेष महत्वको काम गर्नका लागि कुनै खास योजनाका लागि विशेष अनुदान प्रदान गर्दछ। उदाहरणका लागि शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने, अन्तर प्रदेश वा अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने, आर्थिक सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्ने जस्ता काममा विशेष अनुदान दिन सक्छ । प्रदेश सरकारले पनि स्थानीय तहलाई प्रदेश कानुन अनुसार विशेष अनुदान प्रदान गर्न सक्छ ।

## ग) म नीति तथा कार्यक्रम हुँ

**नीतिः** नीति भन्नाले कुनै पनि काम गर्दा कस्तो कस्तो सोच वा अवधारणा राखेर काम गर्ने भन्ने प्रावधान (व्यवस्था) हो । कुनै पनि योजना कार्यान्वयन गर्दा कम्तिमा यो चाँहि पुरा हुने गरी गरिने छ र यो हुन दिइने छैन भन्ने कुरा नीतिमा उल्लेख हुन्छ । नीतिले सामान्यतया कुनै कार्य सञ्चालनका खातिर दिशा प्रदान गर्दछ, फलस्वरूप कार्यक्रम सफलतापूर्वक सञ्चालन गर्न सकियोस् । जसले भविष्यमा

सञ्चालन गरिने कार्यक्रम तथा योजनालाई निर्देशित गर्दछ । त्यसैअनुसार नै योजना बन्ने, कार्यक्रम सञ्चालन हुने तथा कार्यान्वयन हुने गर्दछ ।

**कार्यक्रमः** कुनै पनि लक्ष्य हाँसिल गर्नका लागि गरिने क्रियाकलाप नै कार्यक्रम हो । कार्यक्रम नीतिबाट निर्देशित हुन्छ (नीति कस्तो छ भन्ने आधारमा कार्यक्रम बन्छ) । सरकारले पनि आफ्नो वार्षिक नीति तथा कार्यक्रम छलफल गर्छ ।

### घ) म संघीय सरकार हुँ

संघीय सरकारले आफ्नो आवधिक योजना आफैं बनाउँछ । साथै वार्षिक रुपमा आफ्नो लागि आफैं नीति तथा कार्यक्रम र बजेट बनाउँछ । विभिन्न मन्त्रालयहरुले छलफल गरेर अर्थ मन्त्रालयमा आफ्ना कार्याक्रमहरु पठाउँछन् । सबै मन्त्रालय, प्रदेश र स्थानीय तहको समेत माग र आवश्यकताका आघारमा अर्थमन्त्रीको नेतृत्वमा बजेट तयार गरी मन्त्रीपरिषदमा पठाइन्छ । मन्त्रीपरिषदले आवश्यक राय सहित बजेट पास गर्नका लागि संसदमा पठाउँछ । दुवै संसदमा धेरै जना संसदहरुले छलफल गरेर बजेट पास गर्छन् । यस अघि नै सरकारले नीति तथा कार्यक्रम बनाएर संसदमा पेश गर्छ । उक्त नीति तथा कार्यक्रममा आवश्यक छलफल पछि संसदले यसलाई पास गर्छ अनि बजेट पेश गर्ने प्रक्रिया सुरु हुन्छ । नेपालमा जेष्ठ १५ गते बजेट संसदमा पेश हुन्छ ।

संघीय सरकार भएकाले प्रदेश र स्थानीय तहहरुमा पनि विभिन्न किसिमका बजेट यहिँबाट जान्छन् । सरकारको नीति नियम र आवश्यक निर्देशन पनि गर्न सक्छ ।

### ङ) म प्रदेश सरकार हुँ

प्रदेश सरकारले पनि संघीय सरकारले जस्तै आफ्नो बजेट प्रदेशको वित्त (अर्थ) हेर्ने मन्त्रालयले तयार गरी प्रदेश मन्त्रिपरिषद् मार्फत प्रदेशको संसदमा पेश गरी पास गर्छ । यहाँ एउटा मात्र संसद हुने हुँदा यहाँबाट पास भएपछि नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा जान्छ । प्रदेश सरकारलाई संघीय सरकारले थप बजेट पनि दिन्छ ।

### च) म स्थानीय सरकार हुँ

हाम्रो सबैभन्दा नजिकको सरकार स्थानीय सरकार हो । स्थानीय सरकारले स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार बजेट बनाउँछ । स्थानीय सरकारले आफ्नो सीमा (केन्द्रबाट जाने बजेट र आफ्नो आम्दानी) थाहा पाएपछि हाम्रो समुदायसम्म आई हाम्रा सुझावहरु समेत समेटी वडा हुँदै स्थानीय तहमा हुने समितिहरुमा छलफल गरी बजेट कार्यपालिकामा पेश हुन्छ । कार्यपालिका हाम्रो मन्त्रीपरिषद् जस्तै हो । यहाँ पनि हामीले चुनेर पठाएका प्रतिनिधिहरु हुन्छन् ।उनीहरुले नीति तथा कार्यक्रममा छलफल गर्छन् र पास गरी सभामा पठाउँछन् । सभाले पनि आवश्यक छलफल गरी पास गर्छ । नीति तथा कार्यक्रम जस्तै बजेट पनि सभाले पास गर्छ । स्थानीय तहले असार मसान्त (असारको अन्तिम दिन) सम्म बजेट पास गर्नुपर्ने हुन्छ ।

# सत्र ४: स्थानीय योजना तर्जुमा प्रक्रिया र बाल सहभागिता

**उद्देश्यः** यस सत्रको उद्देश्य सहभागीहरूलाई स्थानीय तहको (नगरपालिका वा गाउँपालिका) योजना तर्जुमा प्रक्रिया र बाल सहभागिताका बारेमा जानकारी दिनु हुनेछ ।

**अपेक्षित उपलब्धिः** यस सत्रको अन्त्यसम्ममा सहभागीहरुले स्थानीय तहको (नगरपालिका वा गाउँपालिका) योजना तर्जुमा प्रक्रिया र बाल सहभागिताका बारेमा जानकारी पाउने छन्।

**समयः** १ घण्टा<br>
**पूर्वतयारीः** जोडी खेलको लागि हातेपत्र<br>
**आवश्यक सामग्रीः** चार्ट पेपर, मास्किङ टेप, मार्कर, मेटा कार्ड आदि ।<br>
**विधिः** जोडी भेट्टाउ

## क्रियाकलापः

- यस सत्रमा हामी सहभागीहरूलाई एउटा खेल खेल्न गईरहेका छौं भन्दै सहभागीहरूलाई गोलो घेरामा बस्नका लागि अनुरोध गर्नुहोस् ।
- अब सहभागीहरुलाई हातेपत्रमा तयार पारिएको योजनाका चरणहरु र सो चरणमा गर्नुपर्ने कुराहरु लेखिएको मेटाकार्ड दिनुहोस् । सहजकर्ताले प्रत्येक चरणहरु र उक्त चरणहरुको छोटो व्याख्या लेखिएको मेटाकार्ड सुरुमा नै तयार गरेर राख्नुपर्छ ।
- अब सहभागीहरुलाई आफूलाई परेको मेटाकार्ड अरुलाई नदेखाइ पढ्नका लागि भन्नुहोस् ।अब सहभागीहरुलाई आफुलाई परेको मेटाकार्ड अरूलाई देखाउनका लागि भन्नुहोस् ।आफूसँग मिल्ने जोडी खोज्नका लागि भन्नुहोस् ।
- सहभागीहरुलाई चरण अनुसार मिलेर जोडी जोडीमा बस्नका लागि अनुरोध गर्नुहोस्

- सबै सहभागीहरु जोडीमा चरण अनुसार मिलेर बसे नबसेको हेरेर नबसेको भए मिलाएर सहजकर्ताले सबै चरणहरुको बारेमा जोडीहरुलाई प्रस्तुतीकरणका लागि समय दिनुहोस्।
- सहजकर्ताले कुन कुन चरणमा हाम्रो सहभागिता कसरी हुन्छ भनी छलफल गर्नुहोस्।
- हाम्रा कुराहरु योजनामा राख्नका लागि यी कुन चरणमा के के हुन्छ र कहिले हुन्छ भनी जान्नु जरुरत रहेको बताउँदै सहभागीहरुले केही नबुझेको भए थप प्रष्ट पार्दै सत्रको अन्त्य गर्नुहोस् ।

## अध्ययन सामाग्रीः

### क) स्थानीय तहको योजना तर्जुमा प्रक्रिया

### १. पहिलो चरणः वजेटको पूर्व तयारी

पहिलो चरणमा संघीय सरकारले अनुदानसँगै बजेट मार्गदर्शन पनि स्थानीय तहलाई पठाउँछ। बजेट मार्गदर्शनमा केन्द्र सरकारको नीति, केन्द्रीय अनुदान तथा स्थानीय बजेट तर्जुमा गर्दा स्थानीय तहले प्राथमिकता दिनु पर्ने विषयहरू समावेश हुनेछ। स्थानीय तहले आर्थिक, सामाजिक, वन तथा वातावरण, सुशासन र संस्थागत विकास र पुर्वाधार विकास गरी विकासका क्रियाकलपाहरु समिति बनाई क्षेत्र तोक्नुपर्छ । संघ र प्रदेशबाट वजेटको सीमा प्राप्त गर्ने काम चैत्र मसान्तभित्र सकिन्छ ।

**हाम्रो भूमिकाः** बाल क्लब र सञ्जालमा चालू (अहिले चलिरहेको) आर्थिक वर्षको नीति तथा कार्यक्रममा बालबालिकाको लागि छुट्याइएको योजना मध्ये के के काम भयो के के हुन बाँकी छ भनेर सचेत रहने ।आगामी योजनामा बालबालिकाको योजना तर्जुमाका लागि प्रभावकारी सहभागिताका लागि स्थानीय जनप्रतिनिधिलाई सचेत गराउने ।

### २. दोस्रो चरणः स्रोत अनुमान तथा वजेट सीमा निर्धारण

यस चरणमा स्थानीय सरकारको धेरै क्रियाशीलता आवश्यक हुने चरण हो । गाउँपालिका वा नगरपालिकाका उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा बढीमा ७ सदस्यीय राजस्व परामर्श समिति गठन गरिन्छ । यो समितिले राजस्वका स्रोत,

दायरा र दरको समेत प्रस्ताव गर्नेछ । गाउँ-नगरका अध्यक्ष वा प्रमुखको अध्यक्षतामा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन हुन्छ । यो समिति पनि ७ सदस्यीय हुनेछ । यो समितिले पहिलो चरणमा प्राप्त हुने वित्तीय हस्तान्तरणको खाका, राजस्व समितिको प्रतिवेदन, आन्तरिक ऋणलाई स्रोत र साधनको प्रक्षेपित खाका तयार गर्नेछ । यो समितिले विषयगत क्षेत्रको सीमा, कार्यक्रमको प्राथमिकीकरण र विषयगत क्षेत्रलाई मार्गदर्शन तयार गर्नेछ । यो समितिले वडा तह र बस्ती स्तरमा योजना छनोटको ढाँचा र बस्ती स्तरको योजना छनोटको मिति समेत तय गरी सूचना जारी गर्नेछ । यसरी तयार भएको आगामी आर्थिक वर्षको वजेट सीमा प्रत्येक बर्षको बैशाख १५ गते भित्र गाउँपालिका वा नगरपालिकाका बिषयगत महाशाखा/ शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

**हाम्रो भूमिकाः** यसपछि बस्तीस्तरको योजना प्रक्रिया सुरू हुने भएकाले यो बाल भेला तयारीका दृष्टिकोणबाट महत्वपूर्ण चरण हो । यो चरणमा सुरु भएको जानकारी नगरपालिका वा गाउँपालिकाबाट नगर-गाउँ स्तरीय बाल सञ्जालले प्राप्त गर्नुपर्छ । त्यसपछि वडा स्तरीय र स्थानीय तह स्तरीय बाल भेलाको तयारी गर्नुपर्छ । हाम्रा समस्याहरु के के हुन् भने आ-आफ्नो बाल क्लबमा समेत छलफल गर्न सकिन्छ । बाल भेला समयमानै आयोजना गर्न वडा र स्थानीय तहलाई भन्नुपर्छ ।
योजना तर्जुमाको दोस्रो चरण सकिएपछि बाल भेला गर्नुपर्छ ।

## ३. तेस्रो चरणः बस्तीबाट योजना छनौट

तेस्रो चरणमा बस्ती, टोल स्तरबाट योजना छनोट गरिन्छ । एक वडाभित्र विभिन्न बस्ती तथा टोल हुन सक्छन् ।यस्ता टोलहरु मध्येबाट वडाले सबै समुदायको प्रतिनिधित्व हुने गरी टोल-टोल वा बस्तीमा सबै सरोकारवालाको भेला गरिन्छ । संघ तथा प्रदेशबाट प्राप्त बजेट र कार्यक्रमको खाका र स्थानीय सरकारले निर्धारण गरेको प्राथमिकताका योजना तथा कार्यक्रम छनौट गरिन्छ । सामान्यतयाः यो चरण बैशाख मसान्तभित्र पुरा गरिसक्नुपर्छ । बस्ती तथा टोलको योजना छनोटमा सबै समुदायको सहभागिताको आँखाबाट महत्वपूर्ण चरण हो। बालबालिकाको पनि बेग्लै भेला गराउनु वा अर्थपूर्ण सहभागिता गराउनु यो चरणमा महत्त्वपुर्ण हुन्छ ।

**हाम्रो भूमिकाः** यस चरणमा हामीले हाम्रो बस्ती स्तरको योजना तर्जुमा कहिले हुँदै छ?, कहाँ हुँदै छ भन्ने जानकारी लिनुपर्छ । यस्तो जानकारी वडा सदस्य वा अध्यक्षलाई हुन्छ । त्यसपछि बस्तीस्तरको योजना छनौटमा बाल क्लबलाई पनि निमन्त्रणा गर्नका लागि पनि भन्नुपर्छ । बस्ती स्तरको योजना छनौट अघी बाल क्लबको बैठक बसी बस्ती स्तरको योजना छनौटमा बाल क्लबबाट को जाने हो सो को निर्णय गरी बाल भेलाबाट आएका योजना (जुन हाम्रो लागि महत्वपूर्ण छन्) सहित थप हाम्रो स्थानीय सवाल वा समस्या भए सो समेत टिपोट गरी भेलामा सहभागी हुनुपर्छ र लिखित र मौखिक रुपमा आफ्नो योजना पेश गर्नुपर्छ ।

## ४. चौंथो चरणः वडातहमा योजनाको छनौट तथा प्राथमिकीकरण

वडा समितिले बस्ती तथा टोलबाट आएका योजना तथा कार्यक्रमलाई विषयगत क्षेत्र समेत छुट्याएर प्राथमिकता दिनुपर्दछ । यो प्रक्रियामा बालबालिकासँग सम्बन्धित कार्यक्रम वडा स्तरीय बालभेलाबाट प्राथमिकीकरण भएर आएका मागहरुका आधारमा गर्नुपर्दछ । यो चरणमा गर्नुपर्ने काम साधारणतयाः जेष्ठ १० गतेभित्र सम्पन्न गरिसक्नुपर्छ ।

**हाम्रो भूमिकाः** बाल भेलाबाट आएका योजनालाई वडा समितिमा दिएपछि के हुँदैछ भनी चासो राख्नुपर्छ । बाल भेलाले प्राथमिकीकरण गरी पठाएका योजनाहरु समावेश गर्नका लागि वडा अध्यक्ष र जनप्रतिनिधि ज्यूहरुलाई जानकारी दिनुपर्छ र बेला बेलामा सम्झाउनुपर्छ ।

## ५. पाँचौं चरणः एकिकृत वजेट तथा कार्यक्रम तर्जुमा

वडा तहबाट प्राप्त योजना तथा कार्यक्रमलाई अन्तिम टुंगो लगाउन गाउँपालिका तथा नगरपालिकामा उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा विषयगत शाखा प्रमुखहरु सम्मिलित बजेट तथा कार्यक्रम तर्जुमा समिति हुन्छ । यो समितिले आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार, वातावरण तथा विपद्, सुशासन र संस्थागत विकास, संस्थागत, वित्तीय व्यवस्थापन सम्बन्धी विषयगत कार्यक्रमहरुको सूची तयार गर्नेछ । यस्तो सूचीमाथि बेग्लाबेग्लै कार्य समूहमा छलफल गराइन्छ । यी सबै

प्रक्रिया पूरा गरेपछि स्थानीय तहको वार्षिक कार्यक्रमको प्रस्ताव तयार हुन्छ । यो चरणमा गर्नुपर्ने कामहरु असार ५ गतेभित्र गरिसक्नु पर्छ ।

**हाम्रो भूमिकाः** यो चरणमा योजना नगरपालिका वा गाउँपालिकामा गैसकेको हुने हुँदा हामीले बजेट तथा कार्यक्रम तर्जुमा समितिमा हाम्रा कार्यक्रम कति समेटियो वा समेट्न बाँकि छन् भनी चासो राख्नुपर्छ । यसका लागि बाल कल्याण अधिकारी, सामाजिक शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र विषयगत समितिका जनप्रतिनिधिसँग सम्पर्कमा रहनुपर्छ र आफ्नो चासो देखाउनुपर्छ । यसमा गाउँ वा नगर स्तरीय बाल सञ्जालले बढि भूमिका खेल्न सक्छ ।

## ६. छैठौं चरणः गाऊँ वा नगर कार्यपालिकाबाट वजेट तथा कार्यक्रम स्वीकृति

गाउँ तथा नगरपालिकाको कार्यपालिकाले बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेका वार्षिक कार्यक्रम नगर तथा गाउँ सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने कार्य यस चरणमा सम्पन्न हुन्छ । गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत भएको वार्षिक वजेट तथा कार्यक्रम उपाध्यक्ष वा उपप्रमुख वा निजको असमर्थतामा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्य मार्फत असार १० गतेभित्र गाउँ वा नगर सभामा  प्रस्तुत गरी सक्नु पर्नेछ ।

**हाम्रो भूमिकाः** यो चरणमा हामीले भने जस्तै योजना कार्यपालिकामा पेश भए नभएको बुझी जनप्रतिनिधि विशेषगरी प्रमुख वा अध्यक्ष र उप-प्रमुख वा उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र कार्यपालिका सदस्य ज्यूहरुलाई भेट्ने, पत्राचार गर्ने, ज्ञापन पत्र बुझाउने, अन्तर्क्रिया गर्ने गर्न सकिन्छ । बालबालिकाका लागि बाल भेलाले माग गरेका अधिकतम योजनाहरु छान्नका लागि आग्रह गर्नुपर्छ ।

## ७. सातौं चरणः गाऊँ वा नगर सभाबाट वजेट तथा कार्यक्रम स्वीकृति

सातौं तथा अन्तिम चरणमा यसरी पेश भएका नीति र कार्यक्रम नगर-गाउँ सभाले दफावार छलफल गरी पारित गर्नेछन् । नीति तथा कार्यक्रम असार २५ र बजेट असार मसान्तसम्म पारित हुन्छ । यो साउनदेखि कार्यान्वयनमा आउने व्यवस्था

गरिएको छ । साउन १५ सम्ममा सर्वसाधारणको जानकारीका लागि प्रकाशित पनि गर्नुपर्छ ।

**हाम्रो भूमिकाः** कार्यपालिकाले स्वीकृत गरेका बालबालिकाका के कस्ता योजना तथा कार्यक्रमहरु यो वर्ष समावेश भए जानकारी लिने र सबै बाल क्लबलाई सकेसम्म जानकारी गराउन प्रयास गर्नुपर्छ । समान्यतयाः सभामा बजेट थपघट नगर्ने परिपाटि छ तर यदि बजेट संसोधन (परिमार्जन) हुने रहेछ र बालबालिकाका कुनै महत्वपूर्ण योजना छुटेका छन् भने समावेश गराउन सभामा प्रतिनिधित्व गर्ने प्रतिनिधिलाई भन्नुपर्छ ।

**ख) योजना तर्जुमा प्रक्रियामा बाल सहभागिता**

बालबालिकासँग प्रत्येक्ष सराकार राख्ने विषय तथा गतिविधिहरुमा निर्णय र कार्यान्वयन प्रक्रियाका सबै चरणमा स्वच्छापूर्वक सहभागी हुन पाउने अधिकार नै बालसहभागिता हो। बालबालिकाको योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण सहभागिताको सुनिश्चितताका लागि तत्कालिन अवस्थामामा स्थानीय स्वयत्त शासन ऐन २०५५ मा पनि कानुनी प्रावधान राखि पहल भएको थियो । हाल स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा पनि स्थानीय तहको योजना छान्दा बालबालिकाको अर्थपूर्ण सहभागिता हुनुपर्ने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ दफा २४ उपदफा ५ मा नगरपालिका तथा गाउँपालिकाले योजना तर्जूमा र कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवि, विषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकृतम सहभागितामा गर्नुपर्नेछ भन्ने स्पष्ट व्यवस्था पनि गरेको छ । यसैगरी दफा १२ उपदफा २ (क१) मा सहभागितामूलक योजना तर्जूमा प्रणाली अनुसार बस्ती वा टोल स्तरबाट योजना तर्जूमा प्रक्रिया अवलम्वन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग संकलन, प्राथमिकीकरण र छनौट गर्नुपर्छ पनि भनेको छ ।[1]


सात चरणको योजना तर्जुमा प्रक्रिया मध्ये दोस्रो र तेस्रो चरणको बीचमा बाल भेला गर्नुपर्छ । बाल भेलाका बारेमा सकेसम्म सबै बालबालिकाको प्रतिनिधित्वमूलक सहभागिता होस् भनी समयमानै सूचना तथा जानकारी दिनुपर्छ ।

---

[1] स्थानीय सरकार सञ्चालन ऐन २०७४

त्यस्तै समुदायस्तरमा बाल सहभागिताको महत्वपूर्ण चरण भनेको बस्तीस्तरको भेला पनि हो । बस्तीस्तरको भेलामा समुदाय स्तरीय बाल क्लब वा विद्यालयस्तरीय बाल क्लबको पनि अर्थपूर्ण र संस्थागत सहभागिता हुनुपर्छ। त्यसैगरी योजना तर्जुमाको चौथो चरणमा बालबालिकाले बाल भेलाबाट आएका योजनालाई वडा समिति मार्फत समावेश गर्नका लागि पहल गर्न सक्छन्। नगर तथा गाउँपालिका स्तरीय बाल क्लब सञ्जालका बालबालिकाहरुलाई प्रतिनिधित्वमूलक रुपमा बालबालिकाहरुलाई सहभागी गराई उनीहरुले बाल भेलाबाट माग गरी पठाएका योजनालाई समेत कसरी समावेश गर्ने भनी विषयगत समिति र एकिकृत योजना तर्जुमा समितिमा छलफल गर्न सकिन्छ ।

यसका साथै स्थानीय तहका बालबालिकासँग सरोकार राख्ने सबै संरचनाहरुमा बाल सहभागिता सुनिश्चित हुनुपर्छ ।



# सत्र ५: बाल भेला

**उद्देश्यः** यस सत्रको उद्देश्य सहभागीहरूलाई बाल भेला के हो, यसको महत्व के छ, कसरी गर्ने कहिले गर्ने लगायतका विषयमा जानकारी दिनु हुनेछ ।

**अपेक्षित उपलब्धिः** यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले बाल भेलाको अवधारणा, विधि, समय, सहभागी संख्या, महत्व तथा कानुनी आधारका बारेमा जानकारी पाउने छन ।

**समयः** २ घण्टा
**आवश्यक सामग्रीः** चार्ट पेपर, मास्किङ टेप, मार्कर, मेटा कार्ड ।
**विधिः** समूह कार्य

## क्रियाकलापः

- यस सत्रमा हामी बाल भेला के हो, कस्तो कस्तो हुन्छन्, योजना तर्जुमाका लागि बाल भेला के हो र कसरी गरिन्छ लगायतका विषयमा छलफल गर्दैछौं भनी जानकारी दिनुहोस् ।
- सहभागीहरुलाई तपाईहरुमध्ये कसैले बाल भेलामा भाग लिनु भएको वा बाल भेलाका बारेमा सुन्नु भएको छ भनी सोध्नुहोस् ।
- यदि छ भने बाल भेला भनेको के होला भनी सोध्नुहोस् । सहभागीहरुको उत्तरलाई सहजकर्ताले न्युजप्रिन्टमा टिप्दै जानुहोस् ।
- बाल भेला कस्तो कस्तो हुन्छन् भनी सोध्नुहोस् । सहभागीहरुको उत्तर सुनिसकेपछि सहजकर्ताले बाल भेला केहो कस्ता कस्ता हुन्छ र योजना तर्जुमाको लागि गरिने बाल भेला के हो भन्ने बारेमा सहभागीहरुको भनाइलाई थप प्रष्ट पार्नुहोस् ।
- अब सहभागीहरुमध्ये कोही योजना तर्जुमाका लागि बाल भेलामा सहभागी हुनुभएको छ वा सो बारेमा केही थाहा छ भनी सोध्नुहोस् । सहभागीहरुमध्ये केहीलाई आफ्नो अनुभव (भएमा) सुनाउनका लागि भन्नुहोस् ।
- अब सहभागीहरुलाई बाल भेलाको पूर्व तयारी, विधि प्रक्रिया लगायतका बारेमा छलफल गराउनुहोस् ।

- बाल भेलाको सहजीकरणका लागि ४ जना सहजकर्ता आवश्यक रहेको भनी स्वतःस्फूर्त रुपमा अगाडि आउनका लागि भन्नुहोस् । उहाँहरुलाई एक एक वटा समूहमा सहजीकरणका लागि भन्नुहोस् ।
- अब सहभागीहरुलाई चार समूहमा बाढ्नुहोस् । यसरी समूह बाड्दा सहभागीहरुलाई बाल भेलाका लागि गर्नुपर्ने जस्तै गरी विभाजन गर्नुपर्दछ (बाल भेलामा ३ वटा समूह विभाजन गर्ने व्यवस्था छ)। त्यस्तो नभएमा स्थानीय अनुकूलता हेरि समूह विभाजन गर्न सकिन्छ ।
- सबै समूहलाई बाल भेलाको एक एक वटा विधिको प्रयोगात्मक अभ्यासका लागि भन्नुहोस् । आफ्नो समूहको सक्किएपछि अर्को समूहले कसरी गर्नुभयो भनी छलफलका लागि समूह भ्रमणमा जानका लागि भन्नुहोस् । यस अभ्यासमा सबै समूहले एक एक वटा मात्र विधि प्रयोग गरेतापनि योजना तर्जुमाको लागि गरिने बास्तविक बाल भेलामा भने सबै विधिको प्रयोग गर्नुपर्ने कुरा उल्लेख गर्नुहोस ।
- बाल भेलाको सबै प्रक्रियाहरु अध्ययन समाग्रीमा भए जस्तै पुरा गर्नुहोस् । सहभागीहरुलाई बाल भेलाको मागहरुलाई अभिलेखीकरण समेत गर्नका लागि भन्नुहोस् ।
- अध्ययन सामग्रीमा भए जस्तै सबै विषयवस्तुहरूको छलफल सकिएपछि सत्रको अन्त्य गर्नुहोस् ।

## अध्ययन सामाग्रीः

क) **बाल भेला के हो ?**

सामान्यतया १८ वर्ष पुरा नगरेका (बालबालिका) मानिसहरुले कुनै निश्चित विषयमा सामूहिक छलफल गर्न आयोजना गरिएको भेला नै बाल भेला हो । बाल भेलाको प्रयोजन अनुसार विभिन्न हुन्छन् ।

१ **नेतृत्व छान्ने र आवधिक बाल भेला**

बाल क्लब तथा सञ्जालले आफ्नो नेतृत्च छान्नका लागि बाल भेला गर्न सक्छन् । सामान्यतया यस्तो भेलामा बालबालिकाले आफ्नो गतिविधि, प्रगति, समस्या, चुनौति र कार्ययोजनामा समेत छलफल गरी निर्णय गर्न सक्छन् । कुनै

बाल भेला आवधिक रुपमा तोकिएका विषयमा छलफल गरी निर्णय गर्नका लागि गरिन्छ भने कुनै बाल भेलाले यी विषयमा छलफलका साथै नेतृत्व समेत छान्न सक्दछ ।

## २ विषय विशेष बाल भेला

बालबालिकाहरु कुनै निश्चित विषय वा बालअधिकारका कुनै पनि सवालमा भेला भइ सामूहिक छलफल गर्छन् भने त्यस्तो बाल भेला विषय विशेष बाल भेला हो । यस्तो बाल भेला कुनै पनि एउटा विषयमा वा धेरै विषयमा पनि केन्द्रित हुन्छ । जस्तैः बालिकाको कुरा गर्न बालिका सम्मेलन, बाल प्रतिभा प्रस्फुटनका लागि बाल भेला आदि । यस्तो बाल भेला आवश्यकता र अनुकूलता अनुसार जहिले पनि गर्न सकिन्छ ।

## ३ योजना तर्जुमाका लागि बाल भेला

स्थानीय सरकारले तयार गर्ने योजना तर्जुमा प्रक्रियामा अर्थपूर्ण बाल सहभागिता सुनिश्चित गर्नका लागि बालबालिकाहरुको प्रतिनिधित्वमूलक भेला नै बाल भेला हो । यस्तो बालभेला नगर तथा गाउँ एवं वडास्तरमा आयोजना गरेर योजना तर्जुमा गर्ने कानुनी र नीतिगत व्यवस्था छ । नेपालको संविधानअनुसार स्थानीय तहको अधिकार क्षेत्र र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ एवं स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले पनि स्थानीय तह (गाउँपालिका नगरपालिका)मा बालभेलाको आवश्यकतालाई उल्लेख गरेको छ ।

बाल क्लब तथा बालभेलाको अवधारणात्मक विकासको आधार संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धि १९८९ ले दिएको छ । नेपालले सन् १९९० मा यो महासन्धि अनुमोदन गरेको थियो । यस महासन्धिको धारा (४) बाल अधिकारको संरक्षण, धारा (१२) बालबालिकाको विचारको सम्मान, धारा (१३) अभिव्यक्तिको स्वतन्त्रता, धारा (१४) विचार तथा धर्मको सम्मान, धारा १५ संगठित हुने स्वतन्त्रता, धारा १६ गोपनीयताको स्वतन्त्रता, र धारा १७ सूचनामा पहुँच बाल सहभागितासँग सम्बन्धित छन् । बालभेला पनि यिनै अन्तर्राष्ट्रिय कानुनको अभ्यासका

लागि आकर्षित हुन्छन् ।

नेपालको संविधानमा मौलिक हकअन्तर्गत धारा ३९ मा बालबालिकाको हकको व्यवस्था छ । यस व्यवस्थाअनुसार धारा ३९ को उपधारा (२) मा सर्वांगिण व्यक्तित्व विकासको हक, उपधारा (३) मा बाल विकास तथा बाल सहभागिताको हकको व्यवस्था छ ।

## ख) महत्व

- बालभेला केवल बालबालिका एक स्थानमा भेला भएर गरिने क्रियाकलापलाई मात्र नभएर बालभेला बालबालिकाको नागरिक अधिकार र हैसियत सहित आफ्नो कुरा राख्ने माध्यम पनि हो ।
- बालभेलामा बालबालिकाले प्राप्त गर्ने सूचना, जानकारी, एक स्थानका बालबालिका र अर्को स्थानका बालबालिकाबीचको अन्तरघुलन, सम्बन्ध र विचार तथा धारणाको आदानप्रदानले ठूलो महत्वको विषय पनि हो।
- यस्तो भेलामा छलफल गरी उनीहरूले आफ्ना वास्तविक आवश्यकता र प्राथमिकता निर्धारण गर्न सक्छन् ।
- तय गरिएका आवश्यकता र प्राथमिकताहरूलाई स्थानीय योजना तर्जुमा र बजेट विनियोजन सम्बन्धी निर्णय गर्ने संरचना र पदाधिकारी समक्ष राखी बालबालिकाको सर्वोत्तम हित हुनेगरी कार्य गर्ने अवसर सिर्जना गर्न सकिन्छ ।
- बालभेलाले बालबालिकाको अर्थपूर्ण सहभागिता बृद्धि गर्न सहयोग पुर्याउछ ।
- बालबालिका, बालक्लव, बाल सञ्जालको क्षमता विकासमा सहयोग पुग्छ ।

## ग) बालभेला सञ्चालन पूर्व ध्यान पुर्याउनु पर्ने कुराहरु

- स्थानीय तह अर्थात् गाउँपालिका-नगरपालिका र वडा कार्यालयसँग समन्वय गर्ने,
- बालबालिकालाई पायक पर्ने समय, मिति र स्थान तय गर्ने,
- बालभेलाको स्थान, मिति र समयबारे बालबालिका तथा बालक्लवलाई जानकारी दिने,

- बालबालिका वा बालक्लवसँग छलफल गरी बालभेलाको योजना तयार गर्ने,
- बालमैत्री स्थानीय शासन र बाल अधिकार बुझेको दक्ष सहजकर्ताको छनौट गर्ने,
- आवश्यक सामग्रीको तयारी गर्ने,
- आफ्नो स्थानीय तहको योजना प्रक्रिया र तय भएका मितिहरुका बारेमा जानकारी राख्ने, र
- स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिताका लागि पहल गर्ने ।

**घ) बालभेला सञ्चालन गर्दा ध्यान पुर्याउनु पर्ने विषय**

- बालभेलामा पारित भएका मागहरुका बारेमा प्रत्येक सहभागीले आफ्ना बालक्लवमा गएर जानकारी गराउनु पर्ने कुरा बताउनुपर्छ ।
- बाल भेलाका लागि तीन समूहलाई छलफल गर्ने उपयुक्त स्थान भएको सुनिश्चितता गर्नुपर्छ ।
- बालभेलाका विधिहरूको पूर्ण प्रयोग भएको हुनुपर्छ ।

**ङ) बालभेला पश्चात् ध्यान पुर्याउनु पर्ने विषय**

- बालभेलाले तर्जुमा गरेका योजनाहरुलाई बालमैत्री स्थानीय शासन समितिको बैठकमा पेश गरी बस्ती स्तरको योजना तर्जुमा प्रक्रियाभन्दा अगाडि निर्णय गराउनुपर्छ ।
- बालभेलाबाट प्राथमिकतामा आएका योजनाहरुको निर्णयको प्रतिलिपि बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सहभागी हुने बालबालिकाले बस्तीस्तरको योजना तर्जुमा हुँदा पेश गर्नुपर्छ ।
- बालभेलाबाट प्राथमिकतामा आएका योजनाहरुको निर्णयको प्रतिलिपि सम्पूर्ण बालक्लवलाई जानकारी गराउनुपर्छ ।
- स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिताका लागि पहल गर्नुपर्छ ।

- बालभेलाबाट प्राथमिकतामा आएका योजनाहरुको निर्णयको प्रतिलिपि सहित वडा भेला, बस्तीस्तरको भेला आदिमा प्रतिनिधित्व गर्ने सरोकारवालाहरु र बालबालिकालाई जानकारी गराई उनीहरुको सहभागितामा मागहरु पारित गराउन पहल गर्नुपर्छ ।
- बालभेलाको निर्णयलाई बस्ती, वडा हुँदै गाउँपालिका तथा नगरपालिकाको सभाबाट पारित गर्नका लागि पहल गर्नुपर्छ ।
- सभाबाट पारित भएको प्रतिवेदनको अभिलेख राख्नुपर्छ ।
- बालभेलाको प्रतिवेदन तयार पार्ने र सम्बन्धित स्थानीय तह, समूह, बालक्लव र बालक्लव सञ्जालमा दिनुपर्छ ।
- बालबालिकाको निम्ति पारित गरिएका योजनाहरुको समयमै कार्यान्वयनको निम्ति पहल गर्नुपर्छ ।
- बालबालिकाका कार्यक्रम, त्यसको उपलब्धि, सवाल, कार्यक्रम र त्यसका उपलब्धि निरन्तर कार्यक्रमको अवलोकन, पुनरावलोकन, अनुगमन र मूल्याङ्कन गर्नुपर्छ।


**च) बाल भेलामा को को सहभागी हुन्छन्** ?

- वडामा रहेका प्रत्येक बालक्लवबाट कम्तिमा १ जना बालिका सहित २ जना,
- वडा बालसञ्जालका प्रतिनिधिहरु,
- बालक्लव, बाल समूहको सदस्य नरहेका बालबबलिकामध्ये प्रत्येक बस्ती वा टोलबाट कम्तीमा २ जना,
- बालमैत्री स्थानीय शासन वडा तथा समुदाय समितिमा सदस्य रहेका बालबालिका,
- स्वास्थ्य व्यवस्थापन समितिमा सदस्य रहेका बालबालिका,
- विद्यालय व्यवस्थापन समितिमा सदस्य रहेका बालबालिका,
- विद्यालय शिक्षावाट वञ्चित रहेका बालबालिका मध्ये कम्तिमा १ जना बालिका सहित २ जना,
- दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम बालबालिकामध्ये कम्तिमा २ जना बालिका सहित ४ जना ।

**छ) बाल भेला कहाँ गर्ने ?**

- वडाको सबैलाई पायक पर्ने ठाउँमा गर्नुपर्छ । यस्तो ठाउँ विपदमैत्री र सकेसम्म अपाङ्गमैत्री पनि हुनुपर्छ ।
- सम्भव भएमा नगरपालिका वा गाउँपालिकामा पनि बाल भेला गर्न सकिन्छ । बस्तीस्तरको योजना पुर्व सबै वडामा बाल भेला गर्नुपर्छ ।
  **बाल भेलाका लागि लाग्ने सयमः** करिब ४ घण्टा

**ज) बाल भेला सञ्चालन विधि**




**१) उपस्थिति**

कार्यक्रममा सहभागी प्रमुख अतिथि र सबै अतिथिहरूको नाम, ठेगाना, संस्था र पद खुल्ने विवरणको खाका तयार गरी रजिस्टरमा सबैको हस्ताक्षर गराउने र सबै बालबालिकाको नाम, ठेगाना, उमेर, क्लब र क्लबको पद खुल्ने गरी उपस्थितिको हस्ताक्षर गराउनु पर्छ ।

**२) परिचय र विषयवस्तुबारे जानकारी**

प्रत्येक सहभागीलाई आआफ्नो स्थानबाट पालैपालो आफ्नो परिचय दिन लगाउनुपर्छ सबैको परिचय सकिएपछि सबैलाई धन्यवाद दिँदै बालभेलाको उद्देश्य लेखिएको न्युजप्रिन्ट सबैले देख्ने गरी अगाडि टाँस्नुपर्छ । साथै पढेर पनि सुनाउनुपर्छ ।

**३) समूह विभाजन**

- ८ वर्ष देखि ११ वर्ष सम्मका बालबालिकाको समूह
- १२ देखि १८ वर्ष सम्मका बालिकाको समूह
- १२ देखि १८ वर्ष सम्मका बालकको समूह

**४) बाल भेलामा अप्नाउनुपर्ने विधिहरु**

समूह विभाजनको कार्य सक्किएपछि बालबालिकालाई निम्न अनुसार बाल भेलाका विधिहरुमा सहजकर्ताले समूहगत रुपमा सहजीकरण गर्नुपर्छ ।

**मन पर्ने मन नपर्ने**

यस विधिमा साधारण वातावरण जुन हामीलाई मनपर्छ या पर्दैन (भौतिक संरचना, हावा, पानी, वातावरण), अरुले गर्ने व्यवहार जुन हामीलाई मनपर्छन् या पर्दैन र हामीले देख्दै र भोग्दै आएका रीतिथितिमा मन पर्ने र नपर्ने कुराहरू (परिवेश, संस्कार, चालचलन, चाडपर्व, सांस्कृतिक वा धार्मिक नियम, प्रथा आदि) चित्र, गीत, रचना मार्फत व्यक्त गरिन्छ ।

**सुरक्षित असुरक्षित**

यस विधिमा कहाँ, कस्तो वातावरण, व्यवहार, रीतिरिवाज र भौतिक संरचनामा आफू सुरक्षित महसुस गरिन्छ कहाँ असुरक्षित महसुस गरिन्छ, चित्र बनाई वा कथा कविता, गीत आदिको माध्यमबाट प्रस्तुत गरिन्छ ।

**परिकल्पना**

यस विधिमा हामी यसअघि बनाइएका मन परेका र मन नपरेका तथा सुरक्षित र असुरक्षित अवस्था तथा स्थानको चित्रमा व्यक्त भएका कुराहरूलाई समेत ध्यान दिएर बालमैत्री गाउँ, समाज बनाउन के कुराहरू आवश्यक पर्लान् भन्नेबारे कल्पना गरी आफूले सोचेको जस्तै आफ्नो गाउँ, समाजको चित्र बनाइ प्रस्तुत गरिन्छ ।

**समस्या, सवाल र माग (योजना) को पहिचान र वर्गीकरण**

सहजकर्ताले प्रत्येक समूहबाट आएका समस्या, सवाल र मागहरुलाई छुट्टाछुट्टै लेख्न अनुरोध गरी त्यसपछि लेखेका सवालहरुसँग सम्बन्धित समस्या पहिचान गरी समस्या समाधानका उपाय (माग) लाई छुट्टाछुट्टै रूपमा मेटाकार्डमा लेख्न अनुरोध गर्नुपर्छ ।

**माग (योजना)को प्राथमिकीकरण**

अब प्रत्येक बालबालिकालाई १५—१५ वटा चकलेट दिने र ती चकलेटलाई मत (भोट)का रूपमा प्रयोग गरी सबैले मतदान गरिसकेपछि बालबालिकाकै रोहबरमा मत गणना गर्नुपर्छ र प्राथमिकताका आधारमा माइनुटिङ गरी सबैलाई धन्यवाद दिई बाल भेला अन्त्य गर्नुपर्छ । बाल भेलाका मागहरुलाई माइनुटिङ गरिसकेपछि पत्र समेत बनाई वडा समितिमा पेश गर्नुपर्छ । नगरपालिका वा गाउँपालिका स्तरीय बाल भेला गरेको भए कार्यपालिकालाई बुझाउनुपर्छ ।

**५) बाल भेलामा प्रयोग गर्न सकिने वैकल्पक विधिहरु**

**सामाजिक नक्साङ्कन**

यो विधि कुनै समुदाय, विद्यालय, वडाका बालक्लव तथा सञ्जालहरुको समस्या, सवाल, जोखिमता तथा आवश्यकता पहिचान गर्न उपयुक्त हुन्छ । समुदायका बालबालिकाको वास्तविक स्थिति पत्ता लगाउनु सामाजिक नक्साङ्कन विधिको उद्देश्य हो ।

**बालबालिकामा गरिएको लगानीको लेखाजोखाका लागि विधिहरु**

**शरीर नक्साङ्कन**

अघिल्लो तीन वर्ष देखि बाल भेला भएको र बालबालिकाकाको आँखाबाट बाल भेलापछिको बालबालिकाको योजना कार्यान्वयन राम्रो भयो कि भएन भनेर जाँच गर्नका लागि बाल शरीर नक्सांकन विधि प्रयोग गर्न सकिन्छ । अघिल्लो वर्षहरुमा बाल भेला नभएको भए यो विधि प्रयोग गर्न अनिवार्य छैन । शरीर नक्साङ्कन विधि कुनैपनि प्रकोप वा महामरीपछि पनि बालबालिकाको अवस्था मुल्याङ्कनका क्रममा प्रयोग गर्न सकिन्छ ।

**कल्पना वृक्ष**

हामी बालबालिकाको बालबालिकाका लागि समस्या, समाधनका उपाय र कार्यक्रम पहिल्याउन प्रयोगमा ल्याउन सकिने र एउटा रुखको चित्र बनाई समूहिक अभ्यास गरिने हुँदा यसलाई कल्पना वृक्ष भनिन्छ । यो विधिमा बालबालिकाले पाईसकेको अवसर, बालमैत्री वातावरण र संरक्षणको विषयहरुलाई रुखको जराको रुपमा, उनीहरुले भोगिरहेका शोषण, भेदभाव, दुर्व्यवहार, प्रकोप जस्ता समस्या तथा सवालहरुलाई काण्डमा र बालबालिकाको जीवनमा देख्र आफ्नो पारिवारिक र सामुदायको अवस्थालाई फूल तथा फलका रुपमा छलफल गरी आगामी प्राथमिकता तय गर्न सकिन्छ ।

खासगरी लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिकाको सवाल र मागहरुलाई पहिचान गर्नका लागि यो विधि प्रयोग गर्न सकिन्छ । साथै अपाङ्गता भएका बालबालिकाहरुको सवाल, समस्या र आवश्यकता पहिचान गर्नका लागि पनि यो विधि उपयुक्त हुन सक्छ । आयोजक तथा सहजकर्ताले अपाङ्गता भएका

बालबालिकाको अपाङ्गताको अवस्था अनुसार सहभागी हुने, आफ्नो कुराहरु राख्ने र संचार गर्ने व्यवस्था गर्नुपर्छ।

## कस्ता प्रकोप, विपद् तथा जोखिमहरुले बालबालिकालाई बढी प्रभावित गरेका छन् भनी पहिचान गर्नका लागि अप्नाउन सकिने विधि

### प्रकोप, विपद् तथा जोखिमहरुको स्तरीकरण

खासगरी विपद् जोखिममा बालबालिकाहरु कसरी प्रभावित हुन सक्छ र यसमा बालबालिहरुको विचार बा भावना के छ भन्नाका लागि प्रकोप, विपद् तथा जोखिमहरुको स्तरीकरण विधि अप्नाउन सकिन्छ । समुदायमा कस्ता कस्ता प्रकोपहरुको जोखिम छ र त्यसका कारण आउने विपद्वाट बालबालिकालाई के कस्तो असर परिरहेको छ तथा कुन प्रकोपले बढी असर गरिरहेको छ भन्ने जान्नका निमित्त यो विधि प्रयोग गर्न सकिनेछ । कुनै पनि वडा तथा स्थानीय तहको बालभेलाको क्रममा यो विधि प्रयोग गर्न सकिनेछ । साथै प्रकोप जोखिमको समयमा पनि यो विधि प्रयोग गर्न सकिन्छ । यो विधिले कुन प्रकोपका कारण बालबालिका बढी जोखिममा छन् भन्ने कुरा देखाउँदछ ।

***नोटः बाल भेलाको विधिहरुको विस्तृत जानकारीका लागि बाल भेलाका लागि तयार सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको पुस्तकको अध्ययन गर्नुहोला ।*** [२]

[२] बाल भेला सहजीकरण पुस्तिका सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# सत्र ६: बालबालिकाका मागलाई योजना तर्जुमा प्रकृयामा समावेश कसरी गर्ने?

**उद्देश्यः** यस सत्रको उद्देश्य सहभागीहरूलाई बाल भेलाबाट प्राथमिकीकरण गरी आएका योजना तथा कार्यक्रमलाई कसरी हाम्रो बस्ती, वडा र गाउँपालिका वा नगरपालिका तहको योजना बनाउने प्रक्रियामा समावेश गर्ने भन्ने जानकारी दिनु हुनेछ ।

**अपेक्षित उपलब्धिः** यस सत्रको अन्त्यसम्ममा बाल भेलाबाट प्राथमिकीकरण गरी आएका योजना तथा कार्यक्रमलाई कसरी हाम्रो बस्ती, वडा र गाउँपालिका वा नगरपालिका तहको योजना बनाउने प्रक्रियामा समावेश गर्ने भन्ने जानकारी पाउनेछन् ।

**समयः १ घण्टा**
**पूर्वतयारीः** भूमिका निर्वाहको लागि हातेपत्र तयारी
**आवश्यक सामग्रीः** चार्ट पेपर, मास्किङ टेप, मार्कर, मेटा कार्ड, भूमिका निर्वाहका लागि समूहहरुका लागि आवश्यक सामग्री
**विधिः** भूमिका निर्वाह

## क्रियाकलापः

- सहभागीहरूलाई हामीले बाल भेला सक्यौ अब बाल भेलाबाट प्राप्त भएका योजना तथा कार्यक्रमलाई कसरी हाम्रो बस्ती स्तरको योजना तर्जुमा (योजना छान्ने प्रक्रिया), वडा र गाउँपालिका वा नगरपालिकामा समावेश गर्ने भन्ने विषयमा छलफल गर्दैछौं भनी जानकारी दिनुहोस् ।
- अब सहजकर्ताले बाल भेला पछि वडा कार्यालय र नगरपालिका वा गाउँपालिकामा पत्राचार कसरी तयारी गर्ने कसरी पठाउने भन्ने, प्राथमिकीकरण गरिएको योजना

कसरी वडा तथा नगरपालिकामा हस्तान्तरण गर्ने भन्ने सन्दर्भमा जानकारी दिनुहोस् ।

- योजना पेश गरिसकेपछि के के कुरामा ध्यान दिनुपर्छ, कसरी आफ्ना कुराहरु परे वा नपरेको सुनिश्चितता गर्ने भन्ने बारेमा सहभागीहरु बिच छलफल गर्नुहोस् ।
- अब सहभागीहरुलाई तीन समूहमा विभाजन गर्नुहोस् । उनीहरुमध्ये पहिलो समूहले बस्ती स्तरको योजना तर्जुमा प्रक्रियाको भूमिका निर्वाह गर्नका लागि तयारी गर्न भन्नुहोस् । यसैगरी दोस्रोलाई वडा र तेस्रोलाई नगर वा गाउँपालिका स्तरमा योजना तर्जुमाको लागि भूमिका निर्वाह गर्नका लागि भन्नुहोस् । यसरी भूमिका निर्वाह गर्दा सहभागीहरुलाई आफ्नो समूहमा विभिन्न भूमिका दिने जस्तै बाल क्लबको सदस्य, बाल क्लबका पदाधिकारी, वडा अध्यक्ष र सदस्यहरु, नगरपालिका वा गाउँपालिकाको प्रमुख र शाखाका कर्मचारीहरु लगायतको भूमिका कसरी निर्वाह गर्न सकिन्छ भनी जानकारी दिनुहोस् ।
- सहभागीलाई सहजकर्ताले भूमिका निर्वाहलाई प्रभावकारी बनाउनका लागि आवश्यक भएमा थप सहजीकरण गर्नुपर्दछ । प्रत्येक समूहलाई तयारीका लागि ५ मिनेट र प्रस्तुतीकरणका लागि ५ मिनेटको समय छुट्याइएको जानकारी दिनुहोस् ।
- अन्त्यमा छुटेको केही भए समेट्दै सत्रको अन्त्य गर्नुहोस् ।

## अध्ययन सामाग्रीः

क) **बाल भेलापछि के के गर्ने त?**

बाल भेला सम्पन्न गरिसकेपछि पर्याप्त पहलकदमी (प्रयास) भएन भने बाल भेलाको माग (योजना) हरु नीति तथा कार्यक्रम र बजेटमा पनि छुट्न सक्छ । यसका लागि निम्न कुराहरु गर्नुपर्छ ।

१) **समुदाय स्तरीय वा विद्यालय स्तरीय बाल क्लबले के गर्ने**

बाल भेलामा सहभागी भएर फर्किएपछि बाल भेलाबाट छलफल भइ बनेका मागहरु र आफ्नो समूदायका केही विशेष कुराहरु समेट्नुपर्ने भए सो समेत बालक्लबमा छलफल गरी सूची तयार गर्ने ।

बाल क्लबबाट योजना तर्जुमाको लागि हुने बस्ती स्तरको भेलामा प्रतिनिधित्व गर्ने व्यक्ति (१ बालिका र १ बालक) को हुने हो निर्णय गर्ने ।

बस्ती स्तरको भेलामा समयमा नै उपस्थित भइ आफ्ना योजनाहरुलाई लिखित र मौखिक रुपमा पस्तुत गर्ने ।

बालबालिकाका सरोकारवालाहरु जस्तै बालक्लव र बालक्लव सञ्जालका साथसाथै वडास्तरमा भएका स्थानीय बाल अधिकार समिति, बालमैत्री स्थानीय शासन समिति, स्वास्थ्य व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति तथा समूह जस्ता संगठनहरुसँग समन्वय गर्ने ।

२) **वडा बाल क्लब सञ्जालले के गर्ने**

बाल भेलापश्चात वडा बाल सञ्जालको बैठक बसी बाल भेलाका योजना पेश गर्नका लागि पत्र तयार गर्नुपर्छ ।

साथै वडा समिति (सकेसम्म वडा अध्यक्ष)का पदाधिकारीलाई समय लिइ योजनालाई लिखित र मौखिक रुपमा पेश गर्नुपर्छ ।

योजना पेश गरिसकेपछि पनि योजना नीति तथा कार्याक्रम र बजेटमा समावेश होस् भनी वडा अध्यक्ष सहित कार्यपालिका सदस्यलाई घचघच्याइरहनुपर्छ ।

३) **गाउँ नगर बाल क्लब सञ्जालले के गर्ने**

नगर वा गाउँपालिका स्तरीय बाल भेला भएको भए नगर प्रमुख, उपप्रमुख वा अध्यक्ष, उपाध्यक्ष लगायत कार्यपालिका सदस्यहरुलाई पेश गर्नुपर्छ । नगरमा बाल भेला नभएको भए वडा स्तरीय बाल भेलाहरुबाट प्राप्त मागहरु र छुटेका केही भए सो समेत थपी पेश गर्नुपर्दछ ।

पेश गरिएका अधिकतम योजना स्थानीय तहको नीति तथा कार्यक्रम र बजेटमा समावेश होस् भनी समय समयमा कार्यपालिका सदस्य तथा बालबालिका हेर्ने शाखालाई समेत अनुरोध गर्नुपर्छ ।

बाल कल्याण अधिकारीलाई बाल भेलाका मागहरुलाई व्यवस्थित अभिलेखीकरण गर्न र योजना तर्जुमा समिति लगायतका समितिहरुमा अर्थपूर्ण बाल सहभागिताका लागि पहल गर्नुपर्छ ।

ख) **हाम्रा मागहरुलाई कसरी पैरवी गर्ने ?**

**पैरवीः** साझा समस्या, आवश्यकता र सवाललाई एकिकृत गरी सम्बन्धित पक्ष वा निकायमा हाम्रा विषयलाई व्यवस्थित रुपमा उठान गर्ने पद्दति नै पैरवी हो । समान्यनतयाः पैरवी सार्वजनिक सवाल, समस्या वा आवश्यकतामा रहेर गरिन्छ । पैरवीका लागि हामीले रचनात्मक तथा प्रभावकारी माध्यमबाट गर्न सकेमा हाम्रा मागहरुलाई संस्थागत गर्न सकिन्छ । बालबालिकाका मागहरुलाई पनि व्यवस्थित तथा रचनात्मकताका साथै साझा सामूहिक रुपमा प्रस्तुत गर्नुपर्छ । जसले हाम्रा मागहरुलाई तर्जुमा प्रक्रियामा समावेश गरिएको छ वा छैन भनी सुनिश्चितताका लागि निम्न औजारहरुको (विधि) पनि प्रयोग गर्न सक्छौं ।

**केही पैरवीका नमूनाहरु**

**ख(१) सार्वजनिक परीक्षण तथा सुनुवाई**

**सार्वजनिक परीक्षण**

बाल क्लब तथा सञ्जालहरुले वार्षिक वा आवधिक रुपमा बालबालिकाका क्षेत्रमा भएका कामहरु कति फलदायी भए वा भएनन् भनेर सार्वजनिक परीक्षण तथा सुनुवाई गर्न सकिन्छ । हामी बालबालिकाको आखाँबाट बालबालिकाको लागि वडा, गाउँपालिका वा नगरपालिका, सामाजिक संघ सस्थाहरुले तय गरेका कामहरु हामीले चाहेजस्तै वा सोचेजस्तै भए कि भएनन् भनेर बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी बालबालिकाको विभिन्न समूहमा चेक लिस्ट, प्रश्नावली, शरीर नक्साङ्कन जस्ता विधिहरु पनि प्रयोग गर्न सकिन्छ ।

**सार्वजनिक सुनुवाई**

बालबालिकाको विचार वा भावना र बालबालिकाको क्षेत्रमा हाम्रो वडा वा नगरपालिका वा गाउँपालिकाले गरेका कामहरु चित्तबुझ्दो छन् कि छैनन्, हाम्रा गुनासाहरु के के छन् वा हाम्रा राम्रा के के कामहरु भएका छन् भनेर सबै बालबालिकाले प्रतिनिधित्वमूलक रुपमा

आफ्ना कुराहरु राख्नका लागि वडा अध्यक्ष, गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष वा नगरपालिकाको प्रमुख/उपप्रमुख वा सम्बन्धित सरोकारवालाको उपस्थितिमा सार्वजनिक सुनुवाई गर्न सकिन्छ ।

**ख (२) बालबालिकासँग जनप्रतिनिधि**

हामी बालबालिकाका माग योजनाहरु सुनिए वा सुनिएनन्, सुनिएको भए के कति सुनिए वा समावेश भए, समावेश भएका मध्ये कति कार्यान्वयन हुँदै छन् वा भए जस्ता विषयमा हामी बालबालिकाको विचार, भावना र सरोकार (चासो) का विषयलाई समेट्न बालबालिका र जनप्रतिनिधिबीच अन्तरक्रिया तथा प्रश्नोत्तर र छलफल कार्यक्रम गर्न सकिन्छ । कतिपय स्थानीय तहले 'बालबालिकासँग गाउँपालिका अध्यक्ष वा मेयर, बालबालिकासँग उपमेयर वा उपाध्यक्ष, बालबालिकासँग वडाध्यक्ष जस्ता कार्यक्रमहरु गर्दै आइरहेका पनि छन् ।

**अर्थपूर्ण बाल सहभागिता र स्वतन्त्रपूर्वक बालबालिकाले आफ्नो विचार व्यक्त गर्न पाउने गरी गरिएका कार्यक्रमहरु सफल पनि भएका छन् ।**

**ख (३) ज्ञापनपत्र**

आफ्ना माग तथा सरोकारका (चासो रहेका) विषयलाई लिखित रुपमा सम्बन्धित निकायलाई बुझाउनु नै ज्ञापनपत्र हो । ज्ञापनपत्र सामान्यतयाः कुनै विशेष विषय वा सार्वजनिक सवालका विषयमा सामान्यतया सरकारी वा सार्वजनिक निकायमा पेश गरिन्छ । बालबालिकाका योजनाहरुलाई कार्यान्वयनका लागि वडा तथा स्थानीय तहको निर्वाचित जनप्रतिनिधिलाई बाल क्लबको सञ्जालको तर्फबाट आफ्ना सवाललाई व्यवस्थित र लिखित रुपमा सम्भव भएसम्मका सदस्यहरुको उपस्थितिमा पेश (बुझाउन) गर्न सक्छौ ।

**ख (४) संस्थागत भेटघाट तथा प्रचारपसार**

बाल क्लब सञ्जालले बालबालिकाका मागहरुलाई सम्बोधन गर्न वडा समिति तथा कार्यपालिकाका प्रतिनिधिहरुलाई संस्थागत रुपमा (समय लियर कार्यालयमा गएर भेट्ने) भेटेर आफ्ना कुराहरु राख्न र बेलाबेलामा घचघच्याइरहन सकिन्छ । जसले गर्दा सम्बन्धित सरोकारपक्षले बालबालिकाको विषयलाई प्राथमिकता दिनुपर्ने महसुस गर्न सक्छन् ।

साथै बालभेलाबाट आएका मागहरुलाई बस्ती स्तरको योजना तर्जुमा प्रक्रिया, वडा समिति र कार्यपालिकामा पेश गरिएको, वडा समिति र कार्यपालिकाका पदाधिकारीबाट गरिएको सार्वजनिक प्रतिवद्धतालाई समेत स्थानीय सञ्चारका माध्यमबाट प्रचार गराउन सकिन्छ । जसले गर्दा बालबालिकाका योजनालाई आवधिक योजनामा समवेश गर्न सकिन्छ । साथै बालभेलाले पहिचान गरेका मागहरुलाई बालबालिकाको क्षेत्रमा क्रियाशील संघ संस्था, आमा समूह, टोल सुधार समिति र बाल क्लबका सबै सदस्यलाई थाहा हुने गरी प्रचार प्रसार गर्न सकिन्छ ।

## ग) बाल भेलाको माइन्युटको नमुना

आज मिति .......................... गते .......................... मा .......................... को अध्यक्षतामा योजना निर्माणका लागि वडा नं ........... को बाल भेला बाल भेलाका विधिहरु (शरीर नंसाङ्कन, मन पर्ने नपर्ने, सुरक्षित असुरक्षित र परिकल्पना) को प्रयोग गरी सवाल र समस्या पहिचान गरी निम्न योजना प्राथमिकीकरण गर्दै निम्न व्यक्तिहरुको उपस्थितिमा सम्पन्न भयो ।

**उपस्थिति**

| क्र स | नाम | बाल क्लब/टोल | पद | सम्पर्क | हस्ताक्षर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**प्रस्तावहरु**

१. बाल भेलाका निर्णय पेश गर्ने सन्दर्भमा

२. धन्यवाद सम्बन्धमा

**निर्णयहरु**

१. प्रस्ताव नं १ मा छलफल गर्दा यस वडा बाल सञ्जालको आयोजनामा वडा कार्यालयको सहयोगमा बाल भेलाका विधिहरुको प्रयोग गरी बाल भेला सम्पन्न गरियो । बाल भेलाबाट प्राथमिकीकरण गरी निम्न योजनाहरुलाई प्राथमिकताका आधारमा यस गाउँपालिका/नगरपालिकाको आगामी आर्थिक वर्ष (..........................) को नीति तथा कार्यक्रम र बजेटमा समेट्नका लागि निम्न योजनाहरु वडा बाल क्लब सञ्जाल मार्फत पेश गर्ने निर्णय गरियो ।

योजनाहरु

क)

ख)

ग)

............................

२. प्रस्ताव नं २ मा छलफल गर्दा यस बाल भेलालाई सम्पन्न गर्न सहयोग गर्नुहुने वडा कार्यालय, ..........................., सहजकर्ता लगायत सबै लाई धन्यवाद प्रदान गर्ने निर्णय गरियो ।

घ) **वडामा लेख्ने पत्रको नमूना**

**बाल क्लबको नाम**

श्री अध्यक्ष ज्यू,

वडा नं. .............

............... गाउँपालिका / नगरपालिका

विषय: बाल भेलाका योजना पेश गरिएको सम्बन्धमा

महोदय,

प्रस्तुत विषयका सम्बन्धमा यस ............... बाल क्लब सञ्जालको आयोजना तथा ...... नं वडा कार्यालयको सहयोगमा ........... जना बालबालिका (बालक ... बालिका ....) को उपस्थितिमा मिति ......................... मा बाल भेला सम्पन्न भयो । उक्त बालभेलाले बालभेलाको विधिहरुको प्रयोग गर्दै बालबालिकाको समस्या, सवाल र मागको पहिचान गरी प्राथमिकताका आधारमा ...... वटा आगामी आर्थिक वर्ष ............... को नीति तथा कार्यक्रममा समेट्ने गरी वडा समिति मार्फत योजना तर्जुमा प्रक्रियामा पेश गर्ने निर्णय भएकाले यो पत्र पेश गरेका छौं । यो पत्रका साथ प्राथमिकीकरण गरिएको योजना सहितको बाल भेलाको माइनुट यसै साथ संलग्न गरिएको समेत जानकारी गराउँदछौं । बाल भेलाबाट पारित भएका योजनालाई

आगामी वर्षको वार्षिक नीति तथा कार्यक्रम र बजेटमा समेत समावेश गर्नका लागि अधिकतम प्रयास गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

..............................

अध्यक्ष / सचिव

........... बाल सञ्जाल

# सत्र ७: कार्यान्वयन, अनुगमन, मूल्याङ्कन

**उद्देश्यः** यस सत्रको उद्देश्य सहभागीहरूलाई बालबालिकाका समस्या, सवाल, सरोकार र अधिकारका विषयलाई कसरी स्थानीय तह तथा सम्बन्धित सरोकारवालाहरुसँग पुर्याउने र राख्ने भन्ने विषयमा जानकारी दिनु हुनेछ ।

**अपेक्षित उपलब्धिः** यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले बालबालिकाका समस्या, सवाल, सरोकार र अधिकारका विषयलाई कसरी स्थानीय तह तथा सम्बन्धित सरोकारवालाहरुसँग पुर्याउने र राख्ने भन्ने बारेमा जानकारी पाउनेछन् ।

**समयः** ३० मिनेट<br>
**पूर्वतयारीः** बालबालिकाका सवाल तथा घटनाका बारेमा लेखिएको कथा<br>
**आवश्यक सामग्रीः** चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड<br>
**विधिः** घटना अध्ययन र प्रस्तुतीकरण

### क्रियाकलापः

- यस सत्रमा हामी हाम्रा समस्या, सवाल, सरोकार र अधिकारका विषयलाई कसरी स्थानीय तह तथा सम्बन्धित सरोकारवालाहरुसँग पुर्याउने र राख्ने भन्ने विषयमा छलफल गर्छौं भनी जानकारी दिनुहोस् ।
- अब सहभागीहरुलाई हामी समूह विभाजन गरी छलफल गर्छौं भनी चार समूहमा विभाजन गर्नका लागि खेल खेलाउनुहोस् ।
- सहभागीहरुलाई गोलो घेरामा बस्नका लागि भन्नुहोस् । गोलो घेरामा दौडनका लागि भन्नुहोस् । त्यसपछि सहभागीहरुलाई मैले जति जना भन्छु त्यति जनाको समूह बन्नका लागि भन्नुहोस् । सहभागीहरुलाई २, ३, ६, १, गरी अन्त्यमा चार वटा समूह हुने गरी विभाजन गर्नुहोस् ।

- अब सहभागीहरुलाई एउटा - एउटा घटना वा समस्या दिनुहोस् । यस्ता घटना समाधानका लागि हामीले बाल क्लब, समूह वा व्यक्तिगत रुपमा के गर्न सकिन्छ, के गर्नुपर्छ वा कसरी गर्नुपर्छ भनी समूहमा छलफल गर्नका लागि १० मिनेटको समय दिनुहोस् । सबै समूहले सक्काएपछि पालै पालो प्रस्तुतीकरणका लागि समय दिनुहोस् ।
- प्रस्तुतीकरणका क्रममा अन्य समूहको केही थप विषय भए सो समेत समट्दै छुटेका केही विषय भए सहजकर्ताले थप गर्दिनुपर्छ ।
- **योजना कार्यान्वयन, अनुगमन र मूल्यांकन कसरी कहिले र कसले गर्छ, त्यसमा हामी बालबालिकाको भूमिका के हुन्छ भन्ने सम्बन्धमा** अध्ययन सामग्रीमा भएका विषयहरु प्रस्तुतीकरण गर्दै सत्रको अन्त्य गर्नुपर्छ ।

## अध्ययन सामाग्रीः

क) **नमुना घटनाहरु**

**घटना १)** एउटा गाउँको विद्यालयमा बालबालिकाहरुलाई बस्ने बेन्च पुरानो भइसकेको छ । जसले गर्दा कहिलेकाँहि त कपडा नै च्यातिन्छ । बस्न साह्रै अप्ठ्यारो छ । पानी खाने धारा पनि स-साना भाईबहिनीले खोल्न गार्हो हुने ठाउँमा छ । धारो अग्लो भएर कतिपटक त स-साना भाइबहिनीहरु धारो खोल्दा लड्नु पनि भएको छ ।

**घटना २)** हाम्रो टोलमा बुबाआमाले बाल विवाह गैरकानुनी हो भन्ने कम्तिमा सुन्नुभएको छ तर आजकाल हाम्रा साथीहरु नै एक अर्काको प्रेममा परेर आफूखुसी विवाह गर्ने चलन बढेको छ ।

**घटना ३)** आजभोलि हाम्रा आमाबुबाहरु काममा मात्र व्यस्त हुनुहुन्छ जसका कारण ६ महिना नपुगेका बालबालिकाहरुले पूर्ण स्तनपान पाउन सकेका छैनन् । बालबालिकाहरुमा कुपोषणको समस्या समेत बढेको छ ।

**घटना ४)** यस वर्षको बजेटमा समेट्नका लागि बाल क्लबले १० वटा योजना बाल भेलाबाट पेश गरियो । तर मेयर (गाउँपालिका भए अध्यक्ष) ज्यूले यो वर्षको बजेट बाटो बनाउना लागि खर्च गर्नुपर्छ भनी बालबालिका सम्बन्धी योजना नराख्ने विचार गरिराख्नु भएको छ ।

## ख) योजना कार्यान्वयन

असार मसान्त सम्ममा गाउँ वा नगर सभाबाट नीति तथा कार्यक्रम र बजेट स्वीकृति भइसकेपछि श्रावण १ गतेबाट नै बजेट कार्यान्वयनमा जान्छ । हामी बालबालिकाको क्षेत्रमा पनि नीति तथा कार्यक्रममा के कस्ता विषयहरु समावेश भयो र कति बजेट छुट्टियो भन्ने कुरा श्रावण दोस्रो साताभित्र सामान्यतया जानकारी भइसक्छ । स्थानीय तहले कार्ययोजना बनाई आफ्ना योजनाहरु कार्यान्वयन गर्छन् ।

श्रावणदेखि योजनाहरु वर्षभरी (असार मसान्तसम्म) नै कार्यान्वयन हुन्छन् । कुन योजना कहिले कार्यान्वयन हुन्छ, भन्ने कार्ययोजना हुन्छ ।

**हिउदे सभाः** सामान्यतया संघीय संदनमा हिउदे र वर्खे गरी दुइखाले सदन हुन्छ। त्यस्तै स्थानीय तहमा पनि वर्षमा दुइवटा सभा हुन्छन् । असारमा हुने सभामा बढी बजेट, नीति तथा कार्यक्रमका बारेमा छलफल हुने भएकाले हामी सबैको बढी चासो हुन्छ । ऐन, कानुन, नीति निर्माण र बजेट कार्यान्वयनको समिक्षाका हिसाबले हिउँदे सभा पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

यो सभामा गाउँ तथा नगरपालिकाको ऐन, नीति, कार्यविधि वा कुनैपनि नीतिगत विषय स्वीकृत गर्नुपर्ने विषयहरु पेश गरिन्छ । साथै सभाले तय गरी कार्यान्वयन भइरहेका योजनाहरुको समीक्षा तथा केही सामान्य थपघट गर्नुपर्ने भएमा सो का लागि गाउँपालिका वा नगरपालिकाले मध्यकालीन खर्च संरचना अन्तर्गत सामान्य संसोधन तथा पुनरावलोकन गर्न सक्छन् ।

## ग) योजना कार्यान्वयनमा हाम्रो भूमिका

### ग (१) पालिका (गाउँ वा नगर) र वडा स्तरीय सञ्जालको भूमिका

गाउँपालिका वा नगरपालिकाले बालबालिकाको लागि छुट्याइएको योजना कहिले गर्ने कसरी गर्ने भन्ने सम्बन्धमा हाम्रा योजना तथा कार्यक्रमहरु असार मसान्तमा हुने सभामा समेटिएको हुन्छ । तर कुनै महत्वपूर्ण कार्यक्रम, योजना वा विषय जुन यो आर्थिक वर्षमा गर्नै पर्ने थियो त्यो छुटेको छ भने त्यसलाई हिउँदमा हुने सभामा समेट्नका लागि जनप्रतिनिधि तथा स्थानीय तहका कर्मचारी मार्फत पहल गर्न सक्छौ। विशेषतः यस सभामा

बालबालिका सम्बन्धी कानून, नीति, नियम स्वीकृत गर्नुपर्ने भए पनि गरिन्छ। त्यसका लागि हामीले जनप्रतिनिधि र स्थानीय तहका कर्मचारीलाई समयमानै जानकारी गराउनुपर्छ ।

हामीले हिउँदे सभा हुनुभन्दा अगाडि बालबालिकाका क्षेत्रमा के के कामहरु भए के के कामहरु हुन बाँकी छन् वा सकेनन् भनी बाल क्लबको बैठक, वडा तथा गाउँपालिका वा नगरपालिका स्तरीय बाल क्लब सञ्जालको बैठक बसी छुटेको वा हिँउदे सभामा राख्नुपर्ने विषयका बारेमा छलफल गरी वडा तथा गाउँपालिका वा नगरपालिकामा पेश गर्नुपर्छ ।

बालबालिकासँग सम्बन्धित योजनाहरु कार्यान्वयनका क्रममा हाम्रो अर्थपूर्ण सहभागिताका लागि पहल कदमी गर्ने ।

स्वीकृत कार्यक्रमबाट के के, कसरी गर्ने भन्ने नगर बाल क्लब सञ्जालमा छलफल गरी सोही अनुसार सहजीकरणका लागि बाल कल्याण अधिकारी वा सामाजिक विकास शाखाको प्रमुख र वडामा भए वडा सचिव वा वडा अध्यक्षमार्फत जानकारी गराउने ।

योजना कार्यान्वयन अवस्था मूल्यांकनका लागि तलको जस्तै तालिका बनाएर अवस्था मूल्यांकन गर्न सकिन्छ ।

| क स | स्वीकृत भएका क्रियाकलाप | कस्ले कार्यान्वयन गर्ने | कहाँ गर्ने | कार्यान्वयनको अवस्था | | |
|---|---|---|---|---|---|---|
| | | | | भएको | नभएको | हुँदै गरेको |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

## ग(२) हाम्रो भूमिका (बाल क्लबमा)

- हाम्रो क्लबमा भएका वा अन्य बालबालिकाका कुनै समस्या वा विचार के छन् भनी बाल क्लबको बैठकमा सबैलाई निर्धक्कका साथ बोल्ने अवसर दिने ।
- कुनै पनि बालबालिकाको प्रतिनिधित्व हुने कार्यक्रम, सभा, सम्मेलन वा छलफलमा हाम्रा सवालहरूलाई स्पष्ट राख्ने ।
- बाल भेलाबाट योजना पेश गरिसकेपछि योजना समावेश गर्नका लागि निरन्तर सम्बन्धित व्यक्ति (निर्वाचित जनप्रतिनिधि र कर्मचारी) लाई घचघच्याउने ।

- स्थानीय तहले समेटेको कार्यक्रमलाई योजना बनाई कार्यान्वयन गर्ने बालबालिका हेर्ने शाखा मार्फत पहलकदमी लिने । वडामा वडा सञ्जालले वडा अध्यक्ष र सचिव मार्फत उत्पेरित गर्ने।
- भएका कामहरु प्रभावकारी होस् भनी सु-सुचित हुने ।
- आफूलाई लागेको सकारात्मक वा सुधार गर्नुपर्ने पक्षहरु लिखित रुपमा सुझाव दिने ।

## घ) बालबालिकाका योजना कार्यान्वयन गराउनका लागि केही रचनात्मक उपाय तथा औजारहरु

### घ (१) बाल कचहरी

बालबालिकाको समस्या तथा बालबालिकाको लागि छुट्याइएको बजेट कार्यान्वयन भयो वा भएन भनेर सार्वजनिक चासो र दायित्व सिर्जना गराउनका लागि बाल कचहरी महत्वपूर्ण विधि हो । बाल कचहरी कुनै निश्चित विषयमा पनि गर्न सकिन्छ । बालबालिकाहरुले बाल अधिकार, बाल विवाह, बाल संरक्षण लगायतका विषयमा सम्बन्धित अतिथिहरु आमन्त्रण गरी बालबालिकाहरुले प्रश्न राखेका तथा जिज्ञासा राख्न सक्छन् भने अतिथिहरुले प्रश्नहरुका उत्तर दिन्छन् । साथै आफ्नो क्षेत्रबाट गर्न सक्ने कामको प्रतिवद्धता पनि गर्छन् ।

### घ (२) बालमैत्री नाटक तथा साँस्कृतिक कार्यक्रम

बालबालिकाको समस्या तथा सवाललाई आफ्नो नीति तथा कार्यक्रममा समावेश गरेपश्चात सोही अनुसार क्रियाकलाप गर्नका लागि सकारात्मक पहलकदमी होस् भनी बाल क्लब तथा सञ्जालले बालमैत्री नाटक तथा साँस्कृतिक कार्यक्रम गर्न सक्छन् ।

### घ (३) बाल संसद

बालबालिकाले स्थानीय तहले योजना तर्जुमा तथा कार्यान्वयनमा अर्थपूर्ण बाल सहभागिता भयो वा भएन भन्नाका लागि बाल संसद गर्न सकिन्छ । खासगरी संसदीय अभ्यासमार्फत बालबालिकाको स्थानीय सवाल, समस्या, अवसर र प्राथमिकता दिनुपर्ने विषयमा बहस गर्नु नै बाल संसद हो । स्थानीय तहले निर्धारण गरेका कार्यक्रमहरुलाई कसरी कार्यान्वयन

भएको छ, प्रभावकारी भएको छ वा छैन । यदि छैन भने कसरी प्रभावकारी बनाउन सकिएला भनी विस्तृतमा छलफल हुन्छ र लिखित वा मौखिक रुपमा पनि पेश गर्न सकिन्छ ।

**ङ) योजना कार्यान्वयनको अनुगमन मूल्याङ्कनमा बाल सहभागिता**

स्थानीय तहले आफूले गर्दै गरेका वा सम्पन्न गरेका योजनाहरुको अवस्था के कस्तो भयो वा हुँदै छ भनी अनुगमन मूल्याङ्कन गर्छ । यसरी अनुगमन गर्दा बालबालिकासँग सम्बन्धित विषयमा बालबालिकाको सहभागिता भएमा थप प्रभावकारी हुन्छ ।त्यसैले योजना कार्यान्वयनको सम्बन्धमा स्थानीय तह स्तरीय वा वडा वा समुदाय/विद्यालय स्तरको बाल क्लबको तर्फबाट सहभागी जनाउनुपर्छ । यसरी सहभागी भइ आफ्ना धारणा पनि राख्नुपर्छ र आफ्नो क्लबमा जानकारी पनि गराउनुपर्छ ।

बालबालिकाको योजना कार्यान्वयन राम्रो भएको भएमा धन्यवाद दिनुपर्छ तर चित्तबुझ्दो नभएको वा राम्रो नभएको लागेमा बाल कल्याण अधिकारी वा बालबालिका हेर्ने शाखाको सम्बन्धित व्यक्तिलाई जानकारी वा सुझाव दिनुपर्छ । यसरी सुझाव दिँदा व्यक्तिगत आक्षेप वा दोष लगाउनु वा गाली गर्नु हुँदैन ।

**च) जोखिम व्यवस्थापन र बाल संरक्षण**

हामीले गर्ने विभिन्न गतिविधिहरु जस्तै बाल भेला, बाल क्लबका कार्यक्रम तथा विभिन्न दिवसका कार्यक्रमहरु गर्दा विभिन्न जोखिमताहरु पनि हुन सक्छन् । त्यसैले कुनै पनि क्रियाकलाप गर्दा हुन सक्ने जोखिमतालाई मध्यनजर गर्दै सोही अनुसारको पुर्वतयारी पनि गर्नुपर्छ ।

**च (१) कार्यक्रम स्थल जाने बाटोमा हुनसक्ने जोखिमता**

- वर्षाको समयमा पहाडी र हिमाली जिल्लामा पहिरो जानसक्ने तराईका जिल्लाहरुमा बाढीको जोखिम,
- एक्लै जँगलको बाटो हिड्दा जँगली जीवजन्तुको जोखिम,
- एक्लै हुँदा हुनसक्ने शारीरिक र यौनजन्य हिसा आदि ।

**च (२) कार्यक्रम स्थलमा हुनसक्ने जोखिमता**

- चिनेको वा अपरिचित व्यक्तिबाट शारीरिक र यौनजन्य हिंसा,
- भू-कम्प, आगलागी जस्ता मानवीय तथा प्राकृतिक विपद्,
- खानपान तथा स्वास्थ्य सम्बन्धी समस्या आदि ।

**च (३) के कस्ता सावधानी तथा सुरक्षा अप्नाउने**

**पूर्वतयारी**

- जहिले पनि कतै जानुपहिले परिवारका सदस्यलाई जानकारी गराएर मात्र जाने,
- सकेसम्म बाटोमा अभिभावक वा साथीहरूसँग हिँड्ने,
- कुनै पनि कार्यक्रममा जानुपूर्व कुन कार्यक्रम हो, कसले गरेको, कहाँ हुने हो, को को हुनुहुन्छ, कति समय हुन्छ जस्ता जानकारी लिएर मात्र जाने निर्णय गर्ने,
- सकेसम्म रात बस्ने गरेर कार्यक्रममा नजाने, जानुपर्ने भएमा वयस्क संरक्षकको वा अभिभावकको साथमा जाने,
- कार्यक्रम स्थलमा भूकम्प तथा आगलागि भएमा के गर्ने भन्ने सामान्य जानकारी लिने,
- मौसम सम्बन्धी सामान्य जानकारी लिएर मात्र यात्रा गर्ने,
- विपद् जोखिम र बाल संरक्षण सम्बन्धी सामान्य जानकारी लिएर मात्र कुनै पनि कार्यक्रममा सहभागी हुने आदि ।

**यदि समस्यामा परेमा वा विपद्का घटना घटिहालेमा के गर्ने**

- नआत्तिने वा हतोत्साहित नभइ विचा गरेर मात्र निर्णय लिने,
- नजिक रहेका वयष्क मान्छेसँग सहयोग लिने,
- सम्भव भएसम्म छिटो आफ्नो अभिभावक वा संरक्षकलाई जानकारी गराइहाल्ने,
- कुनैपनि समस्या वा जोखिमतामा सहयता वा सहयोग चाहिने हुँदा १००, १०४, १०९८ वा नजिकैको प्रहरी चौकीमा सम्पर्क गर्ने ।

# खण्ड ग
# समापन
# औपचारिकता

# सत्र ८: हाम्रो बाल क्लब क्यालेन्डर

**उद्देश्यः** यस सत्रको उद्देश्य सहभागीहरूलाई स्थानीय तहको योजना तर्जुमा र कार्यान्वयनसँग मिल्ने गरी आफ्नो बाल क्लब तथा सञ्जालको क्यालेन्डर (पात्रो) तयार गर्न सक्षम बनाउनु हुनेछ ।

**अपेक्षित उपलब्धिः** यस सत्रको अन्त्यसम्ममा सहभागीहरूले स्थानीय तहको योजना तर्जुमा र कार्यान्वयनसँग मिल्ने गरी आफ्नो बाल क्लब तथा सञ्जालको क्यालेन्डर (पात्रो) तयार गर्न सक्षम हुनेछन् ।

**समयः** २० मिनेट
**पूर्वतयारीः** कार्य योजनाको कार्यान्वयनका लागि उपयुक्त समूह विभाजनको सूची
**आवश्यक सामग्रीः** चार्ट पेपर, मासकिङ टेप, मार्कर, मेटा कार्ड
**विधि समूह** कार्य

## क्रियाकलापः

- अब हामी तालिमको अन्तिममा आइपुगेका छौं अहिलेसम्म तालिममा कुनै गुनासो, जिज्ञासा वा छलफलका विषय भए सोध्नका लागि समय उपलब्ध गराउनुहोस् ।
- अब हामी हाम्रो बाल क्लब वा सञ्जालको लागि स्थानीय तहको योजना निर्माण तथा कार्यान्वयनको चरणसँग मेल खाने गरी हाम्रो क्यालेन्डर निर्माण गर्न गइरहेका छौं भनी खाका प्रस्तुत गर्नुहोस् । साथै कार्ययोजना निर्माणका लागि ध्यान दिनुपर्ने कुराहरू प्रस्तुत गर्नुहोस् ।
- त्यसपछि सहजकर्ताले आवश्यकता अनुसार एउटै बाल क्लब, सञ्जाल वा तालिमको सन्दर्भ अनुसार समूह विभाजन गरी कार्ययोजना निर्माणका लागि अनुरोध गर्नुपर्छ । कार्ययोजना तयारीका लागि १० मिनेटको समय भएको जानकारी दिनुहोस् ।

- सबै समूहको सकिएपछि प्रस्तुतीकरण र छलफल गर्दै सत्रको अन्त्य गर्नुहोस् ।

## अध्ययन सामाग्रीः

क) **हाम्रो क्यालेन्डर**

<table>
<tr><th rowspan="2">क्र. स.</th><th rowspan="2">गर्नुपर्ने काम</th><th rowspan="2">कहिले गर्ने</th><th colspan="3">जिम्मेवारी</th><th rowspan="2">कहाँ गर्ने</th></tr>
<tr><th>कसले गर्ने</th><th>को सँग मिल्ने वा कुरा गर्ने</th><th>कसको सहयोग लिने</th></tr>
<tr><td>१</td><td>बाल भेला तयारी बैठक</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td>बाल भेला</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३</td><td>बाल भेलाको योजनालाई स्थानीय योजनामा समावेश गर्नका लागि पहल गर्ने</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४</td><td>हाम्रा योजनाहरु के के परे भनेर जानकारी लिने</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>५</td><td>बाल दिवस, वातावरण दिवस जस्ता दिवसहरु मनाउने</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>६</td><td>हिउँदमा हुने सभामा राख्ने विषयका बारेमा छलफलका लागि बाल क्लब / सञ्जालको बैठक</td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

**योजना निर्माण तथा बाल क्लबले कार्यक्रम गर्दा निम्न कुराहरुमा ध्यान दिनुपर्छ ।**

ख) **बाल क्लबले गर्न सक्ने कामहरु**

- जन्म दर्ता प्रचार प्रसार
- विद्यालय भर्ना अभियान
- बालश्रम शोषण, बालबिवाह तथा चेलिबेटी बेचबिखन विरुद्ध अभियान
- जनचेतना, जातीय छुवाछुत, सामाजिक विकृति विरुद्ध सडक नाटक
- सरसफाइ अभियान
- बाल दिवस, शिक्षा दिवस मनाउने
- बालबालिकालाई बाल विकास केन्द्र भर्नाका लागि घरदैलो
- बाल अधिकारको प्रचार प्रसारः गीत, कविता, खेल, कथा, वक्तृत्वकला, चित्रकला, भित्ते पत्रिका, सडक नाटक, रेडियो कार्यक्रम, पत्रपत्रिकामा लेख लेखेर आदिको माध्यमबाट बाल अधिकारका बारेमा प्रचार प्रसार
- बाल अधिकार अनुगमन : स्थानीय तहमा गुनासो पेटिका राखेर, साथीहरूको समूहमा छलफल गरेर, आफ्नो विद्यालय तथा समुदायको अनुगमन भ्रमण गरेर
- सेवाका लागि सम्प्रेषण र सुझावः हिंसा, शोषण, दुर्व्यवहार, शिक्षा तथा स्वास्थ्यबाट वञ्चित भएका बालबालिका फेला परेमा वा त्यस्ता गुनासोहरू आएमा सेवा प्रदायक संस्थाहरूसँग सम्पर्क गरी सम्बन्धित बालबालिकालाई सेवाको लागि सिफारिस
- शैक्षिक तथा व्यक्तित्व विकासका कार्यक्रमहरूः व्यक्तित्व विकास तथा शैक्षिक विकासका विभिन्न रचनात्मक गतिविधिहरू, खेलकुदका गतिविधिहरू, छोटो समयका विभिन्न सीप
- सामुदायिक स्वयंसेवा
- निर्णय प्रक्रियालाई प्रभावित पार्नेः सामूहिक रुपमा वा प्रतिनधि मार्फत् बालअधिकारका सरोकारहरूलाई स्थानीय योजना तथा नीतिहरूले सम्बोधन गराउनका लागि बाल भेला, अन्तर्क्रिया, बाल सुनुवाइ, प्रतिनिधि मण्डल भेटघाट जस्ता कार्यक्रमहरू आयोजना
- भित्तेपत्रिका प्रकाशन
- धुम्रपान निषेध-खुल्ला दिशामुक्त क्षेत्रको घोषणामा सहजीकरण
- खेलकुद तथा सांस्कृतिक कार्यक्रम

- हाजिरीजवाफ, निबन्ध, वक्तृत्वकला, बादबिवाद पत्रलेखन, चित्रकला, गीत, कविता प्रतियोगिता
- बाल अधिकार सम्बन्धी तथा नेतृत्व विकास तालिम तथा भेला
- खोप दिवसको प्रचार—प्रसारमा सहयोग

**ग) बाल क्लबले गर्न नहुने कामहरु**

- कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनका पक्षपोषण वा विरोध गर्न ।
- समुदायको सार्वजनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउ ज्यानमाथि क्षति पुर्याउने कार्य ।
- समुदायका निश्चित जातजाति, धर्म, क्षेत्र वा पेशाकर्मीप्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्ने कार्य ।
- हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भंग हुने र पहिचान खुल्ने गतिविधिहरू ।
- सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरू । तर प्रतिस्पर्धा वा आयोजकहरूले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिने छ ।
- उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्व अनुमति विना सहभागीहरू जिउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरू खेलाउने कार्यहरु ।
- बाल समूह कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसाय गर्ने कार्यहरु ।
- सिंगो परियोजना सञ्चालन गर्ने वा ठूला र लामो समयका गतिविधिहरू सञ्चालन गर्ने कार्य ।
- सामाजिक रुपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्यहरु ।

# सत्र ९: तालिमको पुनरावलोकन, मूल्याङ्कन र समापन

**उद्देश्यः** तालिमको प्रभावकारिता परीक्षण गर्नु ।

**अपेक्षित उपलब्धिः** तालिमको प्रभावकारिताको बारेमा जानकारी हासिल हुनेछ ।
**समयः** १० मिनेट

**पूर्व तयारीः** सहजकर्ताले तालिम पश्चातको परीक्षण प्रश्नावली पहिले नै सबै सहभागीहरूलाई पुग्ने गरी तयारी गरी राख्नु पर्नेछ ।

**पूर्व तयारीः** मुटु आकारमा काटिएको मेटाकार्ड
**विधिः** प्रश्नोत्तर

## क्रियाकलापः

- सबै सहभागीहरूलाई सहजीकरण पुस्तिकामा भएजस्तै तालिम पश्चातको परीक्षणका प्रश्नहरू वितरण गर्नुहोस् ।
- सहभागीहरूलाई प्रश्नपत्रको माथि आफूले सुरुको दिनमा राखेको संकेत वा चिन्ह राख्न भन्नुहोस् ।
- सबैको सक्किएपछि सहभागीहरुको उत्तरहरु संकलन गर्नुहोस् ।
- त्यसपछि सहजकर्ताले मुटु आकारमा पहिले नै काटेर राखिएको मेटाकार्ड उपलब्ध गराउनुहोस् ।
- अब सहभागीहरूलाई उक्त मुटुको दायाँतिर यस तालिमपछि आफूले सिकेको आफूलाई महत्वपूर्ण लागेको कुनै ३ वटा कुराहरू लेख्नका लागि अनुरोध

गर्नुहोस् । त्यस्तै बायाँतिर यस तालिमपछिको आफ्नो १ वटा प्रतिवद्धता लेख्नका लागि अनुरोध गर्नुहोस् । यसका लागि ५ मिनेटको समय रहेको जानकारी गराउनुहोस् ।

- सहभागीहरूको सबैले लेखिसकेपछि सहजकर्ताले सबै मेटाकार्ड जम्मा गर्नुहोस् ।
- अब सहजकर्ताले तालिम मूल्याङ्कन फारम र तालिम पश्चातको परीक्षण पत्र दिनुहोस् र यसका लागि ५ मिनेटको समय उपलब्ध गराउनुहोस् ।
- तालिममा सहजकर्ताले कम्तिमा १ जना महिला, १ जना पुरूष र १ जना अन्य (आफ्नो पहिचान खुलाउन चाहने भएमा मात्र) तालिमको बारेमा प्रतिक्रिया वा आफ्नो भनाइ राख्ने अवसर दिनुपर्छ । (आयोजकले औपचारिक समापन राखेको पनि हुन सक्छ । सोही कार्यक्रममा पनि सहभागीको भनाइ राख्न सकिन्छ ।)
- अन्त्यमा सबैलाई धन्यवाद दिँदै सत्रको अन्त्य गर्दै तालिमको औपचारिक अन्त्यका लागि आयोजकलाई  समय उपलब्घ गराउँदै विदा लिनुपर्छ ।
- आयोजकले तालिमको औपचारिक समापन गर्न सक्नेछन् ।

# सन्दर्भ सामग्री सूची


बालबालिका सम्बन्धी ऐन, २०७५, नेपाल सरकार ।

नेपालको संविधान, नेपाल सरकार ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकार ।

सुरक्षा परिषद्को १६१२ घोषणा, संयुक्त राष्ट्र संघ ।

बाल अधिकार सम्बन्धी महासन्धि, सन् १९८९, संयुक्त राष्ट्र संघ ।

दक्षिण एसिया बालकल्याण प्रर्वद्धनका लागि क्षेत्रीय व्यवस्थासम्बन्धी सार्क महासन्धि, सन् २००२, दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन ।

दिगो विकास लक्ष्य, सन् २०१५, संयुक्त राष्ट्र संघ ।

बालबालिकाको संगठन निर्माण र सहजीकरण मार्गदर्शन (नमूना) र बाल समूह गठन तथा सहजीकरण निर्देशिका २०७४, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।

बालभेला सञ्चालन र सहजीकरण हाते पुस्तिका, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, २०७४ ।

बालबालिका सम्बन्धी ऐन, २०७५

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८

बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७९

बालसहभागिता प्रवद्र्धनका लागि सहभागितामूलक विधिहरुको सङ्गालो, कन्सोर्टियम, सन् २०१०

बालअधिकारमा आधारित सहभागितामूलक योजना तर्जुमा प्रक्रिया सहयोगी पुस्तिका, केन्दीय बाल कल्याण समिति, २०७५

# पुस्तिका तयारीका क्रममा छलफल गरिएका व्यक्तिहरु

१ राजेश शर्मा
२ रविन नेपाल
३ नवराज ढकाल
४ आत्माराम थापा
५ रोजिना कार्कि
६ राजु थापा
७ किरण थापा
८ संजोग ठकुरी
९ मीना शर्मा
१० तिलोत्तम पौडेल
११. सुमिक्षा खड्का

## बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप)

थापागाउँ-१०, सिम सिम मार्ग,
नयाँ बानेश्वर, काठमाडौं, नेपाल

☎ ०१-५२४४०६२

czopp.central@gmail.com

www.czopnepal.org
Facebook: www.facebook.com/czopnepal.org

बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान